हरेक क्षण हरेक दिन मात्र कृषि समाचारको लागि www.krishionline.com

नेपालको पहिलो

# कृषि साप्ताहिक

Nepal's First Agriculture Weekly

● वर्ष ४ ● अङ्क १७ ● २०७२ मंसिर ६ गते आइतबार ● ( Nov. 22, 2015 मूल्य रु.१०/-




## चिया तथा कफी विकास बोर्डको तीन करोड रुपैयाँमा पर्‍यो गिद्ध नजर

# किसानलाई अनुदान भन्दै भागबण्डाको तयारी

काठमाडौं । नेपालीमा एउटा उखान छ 'मामाको धन फुपुको श्राद्ध' त्यो उखान यतिखेर कृषि विकास मन्त्रालयलय मातहतमा रहेको चिया तथा कफी विकास बोर्डका लागि लागू हुने भएको छ । कृषि विकास मन्त्रालय मातहतमा चिया तथा कफीको विकास र प्रर्वद्धन गर्ने उदेश्यले स्थापित भएको चिया तथा कफी विकास बोर्डमा कार्यकारी निर्देशकहरु राजनीतिक रुपमा नियुक्ति हुने प्रचलन छ ।

चारबर्षे कार्यवधि हुने कार्यकारी निर्देशकहरु चिया तथा कफीको विकास गर्ने भन्दा पनि कमाउने धन्दामा सक्रिय भएकै कारण चिया तथा कफी विकास बोर्ड विगतदेखि नै बदनाम हुंदै आएको छ । अघिल्लो कार्यकारी निर्देशक रमण पाठकले आफ्नो कार्यावधि सकिने नपाउंदै तात्कालिन कृषि मन्त्री हरिप्रसाद पराजुलीको दवावका कारण तीन महिना अगाडि नै राजीनामा दिएका थिए । उनले कार्यालयभन्दा बाहिरका व्यक्तिलाई कर्मचारी बनाएर अमेरिका





भ्रमण गराउन अमेरिकन दूतावासमा भिषाका लागि सिंधै चिठ्ठी लेखेर विवादमा मुछिएका थिए । त्यसबेला उनलाई कार्वाही गर्नुपर्ने माग बोर्डका सदस्यहरुले राखेपनि उनी एमाओवादी अध्यक्ष पुष्पकमल दाहालका बहिनी ज्वाँई भएकै कारण तत्कालीन मन्त्री पराजुलीले राजीनामा दिन लगाएर कार्वाहीबाट बचाएका थिए ।

यतिखेर फेरि कृषि मन्त्रीमा हरिप्रसाद अर्थात हरिबोल प्रसाद गजुरेल नै पुगेका छन् । यतिखेर विवादमा मुछिएका वर्तमान चिया तथा कफी विकास बोर्डका कार्यकारी निर्देशक शेषकान्त गौतमलाई हरिबोल प्रसाद गजुरेलले जोगाउंछन् कि राजीनामा दिन लगाउंछन् भन्ने कुरा हेर्न वांकी नै छ ।

बोर्डमा पछिल्लो समय नियुक्ति भएका बोर्डका कार्यकारी निर्देशक शेषकान्त गौतम कृषि विकास मन्त्रालयको नीति नियमललाई लत्याउंदै बोर्डको कार्यकारी निर्देशकको अधिकार क्षेत्रलाई समेत नाघेर काम गर्न थालेका छन् । गौतमले यतिखेर कृषि विकास मन्त्रालयले बोर्ड मार्फत चिया तथा कफीको प्रर्वद्धनका लागि विशेष बजेटका रुपमा छुट्याएको तीन करोड रुपमा अनुदानका नाममा वितरण गर्न लागेको खुलेको छ ।

उनले सो बजेट अनुदानका रुपमा वितरण गर्न लागेको बोर्ड निकट स्रोतले बताएको छ । गौतमको आँखा तीन करोडमा परेपछि उनले आफैले कार्यविधि निर्माण गरेर बोर्डद्वारा नै स्वीकृत गरी अनुदान वितरण गर्नका लागि गत कार्तिक १५ गतेको गोरखापत्रमा सूचना समेत प्रकाशन गरेका छन् ।

जुन कार्य कृषि विकास मन्त्रालयको ऐन नियम विपरित गरिएको देखिन्छ । कृषि विकास मन्त्री अध्यक्ष हुने चिया तथा कफी विकास वोर्डबाट बोर्डको निर्णय भन्दै रकम वितरण गर्न कार्यकारी निर्देशक शेषकान्त गौतम तम्सिएपछि सो अनुदान वितरण गर्ने कार्य रोक्न बोर्डका केही कर्मचारी मन्त्रालयमा हार गुहार गरिरहेका छन् । बोर्डका एक कर्मचारीका अनुसार कार्यकारी निर्देशक गौतम कमाउ धन्दामा लागेका कारण यो अवस्था आएको हो । कुनै पनि कार्यविधि स्वीकृत गर्ने अधिकार बोर्डलाई नभएको र त्यसका लागि मन्त्रालय मार्फत मन्त्रीले नै भएको भएपनि मन्त्रालय नगई सिंधै बोर्डबाट स्वीकृत गर्नुमा रहस्य देखिएको छ ।

कफीको विकास तथा प्रवर्द्धन गर्ने नाममा केही चिया तथा कफीका व्यवसायीहरु वीच अनुदानमा ५० प्रतिशत भागबण्डा लगाउने सहमति भएपछि बोर्डबाट कार्यविधि स्वीकृत गराएर अनुदानका लागि केही मापदण्ड निर्माण गरेर अनुदानका लागि प्रस्ताव गरिएको उनले बताए ।

वर्तमान मन्त्री हरिबोलप्रसाद गजुरेलले बोर्डबाटै स्वीकृत गरेको हो भने कार्यकारी निर्देशक र मन्त्रीवीचको मिलोमतो रहेको स्पष्ट देखिन्छ । मन्त्रालय स्रोतका अनुसार कार्यविधि स्वीकृत गरेर वितरण गर्न लागिएको वाँकी पेज ७ मा

## युवालक्षित व्यवसायिक पशुपालन तथा प्रवर्द्धनात्मक कार्यक्रम सम्बन्धि पशु उत्पादन निर्देशनालयको सूचना !



**"दूध, फुल, मासु र ऊन उत्पादनमा बृद्धि, आर्थिक विकास र देशको समृद्धि"** भन्ने नाराका साथ पशु उत्पादन निर्देशनालय, हरिहरभववन, ललितपुरले सालबसाली कार्यक्रमका साथै **पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम, पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम, युवालक्षित विशेष पशु उत्पादन कार्यक्रमहरु** विभिन्न जिल्लाहरुमा सञ्चालन गरिरहेको छ । गत वर्ष जस्तै यस पनि निर्देशनालयको समन्वयमा विभिन्न ६५ जिल्लाहरुमा युवा लक्षित व्यवसायिक पशुपालन तथा प्रवर्द्धनात्मक कार्यक्रममा इच्छुक नेपाली युवाहरुलाई यस पेशामा आकर्षित गर्नका लागि सम्बन्धित जिल्लाका पशु सेवा कार्यालयहरुमा निवेदन दिनका लागि मिति २०७२ कार्तिक १ गतेको कान्तिपुर दैनिकमा एक महिने सूचना प्रकाशन गर्दा उक्त सूचना दोस्रो पटक २०७२ कार्तिक ३० गतेको कान्तिपुर दैनिकमा प्रकाशन गरी निवेदन दिने म्याद यही २०७२ पौष २ गतेसम्मका लागि तोकिएको व्यहोरा सम्वन्धित सवैलाई जानकारीका लागि अनुरोध गरिन्छ । विस्तृत जानकारीका लागि सम्बन्धित जिल्लाको जिल्ला पशु सेवा कार्यालय वा केन्द्रीय गाईभैंसी प्रवर्द्धन कार्यालय/केन्द्रीय भेडाबाख्रा प्रवर्द्धन कार्यालय/केन्द्रीय बंगुरकुखुरा प्रवर्द्धन कार्यालय वा यस निर्देशनालयमा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिन्छ । **जय पशुधन !**



पशु सेवा विभाग

**पशु उत्पादन निर्देशनालय**

हरिहरभवन, ललितपुर फोनः ०१-५५२२०३१, ५५४२९१४

## कमाउ धन्दामा प्याक्टका निर्देशक झा



- **नेपालमा परम्परागत रुपमा गरिंदै आएको कृषिलाई व्यवसायिक गर्नका लागि आयोजना सञ्चालन गरिएको ।**
- **कृषि विकास मन्त्रालयको मातहतका विश्व वैंककोको ८१.८५ मिलियन यूएस डलर लगानी ।**
- **सन् २००९ देखि ६ वर्षका लागि २५ जिल्लामा लागू गरिएको सन् २०१२ पछि अर्को ६ बर्ष थप नेपालभरका लागि लागू ।**
- **प्रतिफल शुन्य विना कमिशन किसानहरुले भुक्तानी नपाउने ।**
- **विश्व वैंकको कन्सल्टेन्सी RTSG पनि कमिशनको चक्करमा ।**

विस्तृत समाचार पेज २ मा

## कृषि सूचनामा दश लाखको खेल

काठमाडौं । नेपाली किसानहरुलाई प्राविधिक ज्ञान तथा कृषि क्षेत्रमा आएका नयां प्रविधि विस्तार, बीउ विजन, कृषि समस्याहरु, बाली लगाउने प्रविधि प्रकाशन गरी किसानहरुलाई जानकारी गराउने र कृषि सम्वन्धि सूचना सहज रुपमा गराउने उदेश्यले कृषि विकास मन्त्रालयकै मातहतमा रहेको कृषि सूचना तथा सञ्चार केन्द्रबाट रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन गरी प्रशारण गर्नु पर्ने हो । तर, रेडियो कार्यक्रम आफैले उत्पादन गरेपनि टेलिभिजन कार्यक्रमका लागि भने नेपाल टेलिभिजनलाई करीव १ करोड रुपमा भुक्तानी गरी उसैलाई जिम्मेवारी दिएको छ । कृषि सूचना मार्फत कृषि जानकारी पाउनु पर्ने भएको भएपनि कृषि सूचनाबाट फाट्टफुट्ट प्रकाशन गरिएका पर्चा बाहेक अरु सूचना पाउन मुश्किल पर्दछ । सवैभन्दा लज्जास्पद कुरा त के हो भने कृषि सूचना केन्द्रमा आफ्नै श्रव्य दृश्य वाँकी पेज ७ मा

# कृषि विकास गर्न भूउपयोग नीतिलाई कार्यान्वयन गर

कृषि विकास मन्त्रालयले कृषि विकास रणनीति सार्वजनिक गऱ्यो । बीस बर्षे कृषि रणनीति भित्र कृषि विकासदेखि किसानका अधिकारहरु समेत समेट्ने प्रयत्न गरिएको छ भन्ने कुरालाई रणनीति बनाउनमा संलग्न हुनेहरुले बताए । कृषि विकास रणनीति आउनु गौरवको कुरा पनि हो । तर विगतमा आएका जे जस्ता कृषि विकाससंग जोडिएका ऐन, नियम वा कार्यविधिहरु नै किन नहुन् ती सवैको कार्यान्वयन भयो कि भएन भन्ने कुरालाई प्राथमिकतामा राख्नु पर्दछ होला ? केही महिना अगाडि मन्त्रीपरिषद्ले स्वीकृत गरेको कृषि विकास रणनीति किसानका पक्षमा छैन भन्नेहरु नै यतिखेर कृषि विकास रणनीतिका बारेमा ठूला बहश र पैरवी गर्न थालेका छन् । यसले के देखाउंछ भने नीतिगत ठाउँमा बस्नेहरु हावा जता बग्छ त्यतै बग्छन् । अनि किसान अधिकारका कुरामा ठेकेदारी गर्ने राजनीतिज्ञहरु पनि त्यही ठेकेदारीमा नै अलमलिन्छन् भन्ने कुरामा कसैको दुईमत हुन सक्दैन । कृषि विकास रणनीति स्वीकृत भएदेखि अहिले सार्वजनिक हुंदासम्ममा कहिले विवाद गर्ने र कहिले ठिक छ भन्ने खालको व्यवहार किसानका नेताहरु किसानका पक्षमा कहिले उभिने हुन् त्यो भन्न नै गाह्रो भएको छ ।

जे भएपनि नेपालको कृषि क्षेत्रको विकासका लागि बीस बर्षे कृषि रणनीति आएको छ । कृषिको विकास अव भाषणमा होइन व्यवहारमा हुनु पर्दछ । नेपालको कृषि विकास गर्नका लागि विगदेखि नै समस्या रहेको सरोकारवाला मन्त्रालयहरु वीचको समन्वय अभाव नै हो भन्ने धेरैले भन्ने गरेका छन् । कृषि उत्पादनको मुख्य पाटोका रुपमा रहेको भूमिलाइ जवसम्म सहज उपभोग गर्न सकिंदैन तवसम्म कृषिको विकास भाषणमा मात्र सिमित हुने देखिन्छ । अर्कोकुरा कृषिका लागि उर्वर मानिएका भूमिहरु खण्डहर बनिरहेका छन् । ती भूमिहरुलाई कृषि मै उपयोग गर्ने, भूमिलाइ खाली राख्न नपाउने, खेती योग्य भूमिमा भवन निर्माण गर्न नपाईने लगायतका नीति सरकारले बनाउनु आवश्यक छ ।

हाल विद्यमान भूउपयोग नीतिमा भएका कुराहरुलाई अनिवार्य रुपमा कार्यान्वयन नगरेसम्म कृषिको विकासको परिकल्पना पनि नगर्दा हुन्छ । त्यसकारण पनि कृषि क्षेत्रमा काम गर्ने सबैको पहिलो प्राथमिकतामा भूउपयोग नीतिलाई कार्यान्वयन गराउन दवाव दिएर कृषि उत्पादनमा जोड दिनु आवश्यक देखिन्छ । ■

**आफ्नै सूचना**

*नेपालको पहिलो कृषि साप्ताहिकका रुपमा प्रकाशित कृषि साप्ताहिकमा तपाईंका क्षेत्रमा भए/गरेका कृषि क्षेत्रसँग सम्बन्धित सूचना/समाचार वा लेख/रचनाहरू छन् भने हामीलाई बिहिबारभित्र पठाउनुहुन अनुरोध गरिन्छ ।*

**सम्पर्क**

**कृषि साप्ताहिक, बागबजार**

इमेल : sajnepal@gmail.com

web: www.krishionline.com

# मौलाउदै छ व्यवसायिक कृषि तथा व्यापार आयोजनामा भ्रष्टाचार

**विशेष सम्वाददाता**

काठमाडौं । ओली नेतृत्वको सरकारमा कृषि मन्त्रीका रुपमा नियुक्ति भएका मन्त्री हरिबोल प्रसाद गजुरेल क्रान्तिकारी भूमिसुधार नगरी कृषिको विकास हुन्न भन्ने मन्त्री हुन् । डा. बाबुराम भट्टराईको पालामा भूमि सुधार आयोगका संयोजक बनेका गजुरेल पनि न भूतो: न भविष्यती बनेका पूर्व कृषि मन्त्री हरिप्रसाद पराजुलीको पथमा हिड्न थालेको गाईगुई एमाओवादीको अखिल कृषि किसान महासंघमा चल्न थालेको छ । त्यत्तिमा होइन देशमा आमूल परिवर्तन गर्ने अठोट बोकेर सशस्त्र युद्धको राजनीतिमा होमिएका क्रान्तिकारी नेता कृषि विकास मन्त्री हरिबोल गजुरेलले कृषिको सबैभन्दा धेरै लगानी भइरहेको आयोजना, व्यवसायिक कृषि तथा व्यापार कार्यालयको पहिलो निरीक्षण गरेका थिए । तर, मन्त्रीले सो कार्यालयको काम कारवाहीका बारेमा भने केही पनि चासो नलिएको जस्तो गरेपछि उनीमाथि शंकाको दृष्टिकोणले हेरिन थालिएको छ । सो आयोजनाको निरिक्षण गरेको लगतै उनको नाम लिदै आयोजनाहरुमा करारमा नियुक्त गर्न मिल्ने पदहरुको विवरण मागेको पनि बुझिएको छ । जसका कारण कृषि विकास मन्त्रालयका आयोजनाहरु भर्तिकेन्द्र हुने हो कि भन्ने शंका उब्जाएको छ ।

सवैभन्दा महत्वपूर्ण कुरा के हो भने व्यवसायिक कृषि तथा व्यापार आयोजना नेपाल सरकारले विश्व बैंकको सहयोगमा सन् २००९ देखि ६ वर्षका लागि कार्यान्वयनमा ल्याएको हो । सुरुमा पूर्वाञ्चलबाहेक ४ विकास क्षेत्रका तराइका १५ र पहाडका १० गरी २५ जिल्लामा लागू गरिएको आयोजना सन् २०१२ मा विश्व बैंकले पहिलो मध्यावधि मूल्यांकन मार्फत सहयोग रकम थप गर्ने निर्णय गरेपछि आयोजनाको कार्यक्षेत्र विस्तार गरी देशभर लागू भएको छ । सो आयोजनाको अवधि पनि लम्ब्याएर २०१८ सम्म पुऱ्याइएको छ । आयोजनाले सेवाग्राहीलाई १० हजार अमेरिकी डलरदेखि १ लाख अमेरिकी डलर बराबरको नेपाली रुपैयाा पूरक अनुदान उपलब्ध गराई कार्यक्रम सञ्चालन गर्ने गरेको छ । तर यतिखेर सम्झौता बमोजिम कार्यसम्पन्न गरेका किसानहरुलाई आयोजनाबाट भुक्तानी लिनका लागि ढुङ्गाको चिउरा चपाए सरह हुन थालेको सेवाग्राहीहरु बताउंछन् । विना कमिशन कुनै पनि उपआयोजनाहरुले भुक्तानी पाउन छाडेका छन् । त्यत्तिमात्र होइन अनुदान पाउने किसानहरुलाई सहज होस् भन्ने किसिमले पांचै विकास क्षेत्रमा आयोजना कार्यान्वयन सहयोग समूह (प्रिस्ट) स्थापना गरिएपनि त्यसलाई दिएको पूर्ण अधिकार अहिले आएर कटौती गरिएको छ । प्रिस्टका काम गर्नेहरु कवेल घाम ताप्ने, भ्रमण जाने र भत्ता खाने बाहेकको अरु काम केही पनि नभएको त्यहां कार्यरत कर्मचारीहरु स्वयं नै बताउन थालेका छन् । निकै कठिनका साथ दुईबर्षको उपआयोजना प्राप्त गरेका किसानहरुले भुक्तानी लिने बेलामा पांचै विकास क्षेत्रमा राखिएको विश्व वैंकले राखेको कन्सल्टेन्सी RTSG ले भुक्तानी दिन उपयुक्त हुन्छ भनेपछि भुक्तानी दिने भएकाले सो कन्सल्टेन्सीमा रहेका कर्मचारीहरु समेत प्याक्ट आयोजनाका कर्मचारी सरह कमिशन नपाए भुक्तानी स्वीकृत गर्न मान्दैनन् । जसले प्याक्ट नामक आयोजना विश्व वैंकले पालेका कर्मचारीदेखि आयोजनाले पालेका कर्मचारीसम्म मालामाल हुने गरेका छन् ।

पूर्व कृषि मन्त्री हरिप्रसाद पराजुलीलाई मोटो रकम खुवाएर सहसचिव भएको केही दिनमा नै आयोजना निर्देशक बन्न सफल भएका प्रमुख डा. इन्द्रकान्ता झा पराजुलीको पद खुस्के लगतै कमाउ धन्दामा सक्रिय रहेको कर्मचारी बताउंछन् । तात्कालिन अवस्थामा त्यहां कार्यरत आयोजना निर्देशक योगेन्द्र कार्कीको कृषि विकास मन्त्रालयको योजना महाशाखामा सरुवा भएपछि रिक्त रहेको पदपूर्ति गर्न क्षेत्रीय कृषि निर्देशनालय मध्यमाञ्चलका क्षेत्रीय निर्देशक सहसचिव टेकबहादुर बमलाई पठाउने मन्त्री स्तरीय निर्णयको सदर भएको फाइललाई मोटो रकम खुवाएर बदर गराउन सफल भएका झा पराजुली पछि कृषि मन्त्री बामदेव गौतम हुनासाथ पराजुलीलाई दिएको रकम असुलनका लागि प्रिस्ट कार्यालयहरुमा दिएको खर्च गर्ने अधिकारलाई समेत केन्द्रिकृत गरेपछि कर्मचारीहरु समेत रुष्ट बनेका छन् । टेकबहादुर बमको सदर भएको फाइल बदर गराएर आयोजना निर्देशक बन्नका लागि झाले तात्कालिन मन्त्री पराजुलीलाई ५० लाख रुपैयां नजराना बुझाएको चर्चा त्यत्ति बेला नै चलेको थियो । अहिले कृषि मन्त्रालय माओवादीको भागमा परेपछि माओवादी निकट सहसचिव सो आयोजनामा आउने छनक पाएपछि आफूले गरेको खर्च असुलन उपर गर्न झाले आयोजनाका गाडो मर्मत, सम्भार, इन्धन, कार्यालय मर्मत, मन्त्रालयले आयोजना गरेको कार्यक्रमहरुमा गरिएको खर्च र विभिन्न सामान खरिद गरेका झुटो बिल मिलाउन आवश्यक भएको भन्दै कर्मचारीलाई झुटो बिलमा भुक्तानी गर्न बाध्य पारेको स्रोतले बताएको छ । प्याक्टका निर्देशक डा. इन्द्रकान्त झाको कार्यशैलीका कारण प्याक्ट कमिशन कबुलेपछि मात्र सहायक परियोजना र परियोजना संचालकसंग गरिने साँठगाँठका कारण भ्रष्टाचारको दलदलमा फस्न पुगेको सहायक परियोजना सम्बद्ध ब्यक्ति र कर्मचारीहरूले गुनासो गरेका छन् । विश्व बैंकको आर्थिक लगानीमा नेपालमा संचालन भएका धेरैवटा आयोजनामा काम गरेको अनुभव सुनाउदै कार्यभार सम्हालेका निर्देशक झा अहिले कार्यालयमा जङ्गी शासन चलाउदै कमिशनमा लिप्त भइ भ्रष्टाचार गर्न तल्लिन रहेको सम्बद्ध कर्मचारी स्रोतको भनाइ छ । झा आयोजना प्रमुख भएपछि अहिले कार्यालयको सबै कार्यलथालिङ्ग जस्तै भएको गुनासो सुनिन्छ ।

उनले आफ्नो विश्वास पात्र कर्मचारीलाई मात्र आर्थिक कारोबारमा संलग्न गराउन थालेका छन् । विशेष गरी खरिद शाखा,जिन्सी शाखा र लेखा शाखा उनको उदेश्य पूरा गर्ने महत्वपूर्ण शाखाका रुपमा रहेका छन् । त्यसैका कारण सल्लाघारीमा रहेको कार्यालयमात्र होइन क्षेत्रीय रुपमा स्थापना गरिएको कार्यालयको दैनिकी नै अहिले लथालिङ्ग र भताभुङ्ग भएको छ । निर्देशक झाका कारण प्याक्टमा सेवाग्राहीहरूको गुनासो दिनप्रतिदिन बढ्दै गएको छ भन्दै त्यहा कार्यरत कर्मचारी गुनासो गर्छन् । अहिलेसम्म यस कार्यालय (प्याक्ट) मा काम गर्दा यति असहज र अपमानित कहिल्यै हुनुपरेको थिएन तर झा निर्देशक भएर आएपछि कार्यालयको सबै काम चौपट भएको छ, हरेक कर्मचारी अपहेलित, अपमानित र असहज महसुस गरिरहेका छन् भन्दै यसो हुनुमा निर्देशक झाको भ्रष्टाचार गर्न नियत नै प्रमुख भएको उनीहरुको ठम्याई छ । त्यसका अलावा पछिल्लो समयमा हातका औंलामा गन्न सकिने उपआयोजनाका लागि उनले लाखौं मासिक तलव बुझ्ने गरी केही कन्सल्टेन्सी केही महिना अगाडि मात्र नियुक्त गरेको पनि प्याक्ट स्रोतले बताएको छ । यतिखेर कमाउ धन्दामा सक्रिय रहेका आयोजना निर्देशक, किसानहरुबाट रकम असुल्न खोज्ने विभिन्न विकास क्षेत्रमा स्थापित भएका विश्व वैंकको कन्सल्टेन्सीका कर्मचारी र प्रिस्टका कर्मचारीलाई कार्वाही गर्ने हिम्मत क्रान्तिकारी कृषि मन्त्री हरिबोल प्रसाद गजुरेलले गर्लान ? कि हरिप्रसाद पराजुलीको पथमा लम्केलान् त्यो भने हेर्न वांकी नै छ ।

**सम्झौता बमोजिम कार्यसम्पन्न गरेका किसानहरुलाई आयोजनाबाट भुक्तानी लिनका लागि ढुङ्गाको चिउरा चपाए सरह हुन थालेको छ । विना कमिशन कुनै पनि उपआयोजनाहरुले भुक्तानी पाउंदैनन् । त्यत्तिमात्र होइन किसानहरुले भुक्तानी लिने बेलामा पांचै विकास क्षेत्रमा राखिएको विश्व वैंकले राखेको कन्सल्टेन्सी RTSG ले भुक्तानी दिन उपयुक्त हुन्छ भनेपछि भुक्तानी दिने भएकाले सो कन्सल्टेन्सीमा रहेका कर्मचारीहरु समेत प्याक्ट आयोजनाका कर्मचारी सरह कमिशन नपाए भुक्तानी स्वीकृत गर्न मान्दैनन् ।**

व्यवसायिक कृषि तथा व्यापार आयोजना
सल्लाघारी, महाराजगञ्ज, काठमाडौं, फोन नं.०१-४०१७७६५, फ्याक्स: ०१-४३७३२३६ E-mail: mail@pact.gov.np, website: www.pact.gov.np

# कृषि मौसम सल्लाह सेवा बुलेटिन

**जारी मिति : ०४ मंसिर २०७२**

अवधि : ०४ मंसिर २०७२ - १० मंसिर २०७२

**लागि : बाँके जिल्ला**

(जारी गर्ने: PPCR/BRCH/AMIS Project, MOAd,AERD, NARC and Agro-met Section, DHM)

## नेपालगञ्ज एयरपोर्ट, बाँकेको मौसम तथ्यांक

### गत हप्ता २६ कार्तिक २०७२ मा अन्त्य भएको मौसम अवस्था

| मौसमी विवरण | गत हप्ता (२०कार्तिक २०७२ देखि २६कार्तिक २०७२ सम्म |
|---|---|
| कूल बर्षा (मि.मी.) | १.४ |
| अधिकतम् तापक्रम (°सेण्टिग्रेड) को दायरा | २८.४-२९.८ |
| न्यूनतम तापक्रम (°सेण्टिग्रेड) को दायरा | १३.३-१५.७ |
| अधिकतम सापेक्षित आर्द्रता (%) को दायरा | ९६.३-९८.० |
| न्यूनतम सापेक्षित आर्द्रता (%) को दायरा | ४२.४-५९.५ |
| हावाको गति(मि/से)को दायरा | ०.०-३.२५ |
| हावाको दिशाको दायरा | उत्तर पूर्व |

### २७ कार्तिक २०७२ देखि ०४ मंसिर २०७२ सम्मको मौसम विवरण

| विवरण | दिन (13 Nov 2015- 19 Oct 2015) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २७/७/२०७२ | २८/७/२०७२ | २९/७/२०७२ | ३०/७/२०७२ | ०१/७/२०७२ | ०२/७/२०७२ | ०३/७/२०७२ |
| बर्षा (मि.मी) | ०.० | ०.० | ०.० | १९.० | ०.४ | ०.० | २.४ |
| अधिकतम् तापक्रम (°सेण्टिग्रेड) | २८.८ | २९.४ | २८.३ | २८.६ | २८.६ | २७.४ | २७.३ |
| न्यूनतम तापक्रम | १४.४ | १५.६ | १५.५ | १५.४ | १३.६ | १२.८ | १५.५ |
| अधिक्तम सापेक्षित आद्रता | ९८.० | ९८.० | ९८.० | ९९.० | ९७.९ | ९५.८ | ८२.८ |
| न्यूनमत सापेक्षित आद्रता | ५४.२ | ५५.३ | ६४.६ | ६६.६ | ४१.९ | ५६.६ | ५७.७ |
| हावाको गति m/s | २.० | ०.० | १.५ | ३.२५ | ३.० | २.० | १.५ |
| हावाको दिशा | उत्तर पूर्व | उत्तर | उत्तर पूर्व | दक्षिण-पूर्व | दक्षिण पश्चिम | उत्तर पूर्व | उत्तर पूर्व |

## कृषि सल्लाह

**क) मौसम विश्लेषण :**

० आगामी हप्ता सामान्यरुपमा बदली रहेता पनि पानी पर्ने सम्भावना न्यून रहने छ। साथै सापेक्षित आर्द्रता औसतमा ७५% भन्दा माथि रहने छ। न्यूनतम र अधिकतम तापक्रम गत हप्ताको भन्दा केही कमी हुने र विहानी पख चिसो बढ्न सक्नेछ।

**ख) बाली नाली :**

**१. धान बाली :**

० आफूलाई चाहिने जति बीउ प्राप्त गरी स्वस्थ तथा समान बोटका राम्ररी पाकेका वाला बल्याएर शुद्ध बीउ उत्पादनको लागि ३-४ घाम सुकाई केलाई गरेर हावा नछिर्ने भांडा जस्तै सिड विन, भकारी, घ्याम्पो वा बोरामा राख्न उपयुक्त हुन्छ।

**२. मकै (हिउदे) वाली :**

० जग्गाको अन्तिम तयारीको बेलामा कम्पोष्ट मल २०० के.जी., डिएपी २.१ केजी, युरिया २.५ केजी र म्युरेट अफ पोटास १.६ केजी प्रति कट्ठाका दरले माटोमा राम्ररी मिलाउन उपयुक्त हुन्छ।

० मनकामना - १, गणेश -२ जस्ता हिउदे मकैको जात लगाउन उपयुक्त हुन्छ।

**३. गहुँ**

० माटोको चिस्यान घटिरहेको हुनाले चिस्यान रहदै गहुँ छर्नु उपयुक्त हुन्छ।

० जग्गाको तयारीको बेलामा ४०-५० केजी कम्पोष्ट मल तथा ३.० केजी यूरिया, ३.६ केजी डि.ए.पी र १.४ केजी म्युरेट अफ पोटास प्रति कट्ठाका दरले असिंचित जग्गामा प्रयोग गरी राम्ररी माटोमा मिलाउनु पर्दछ।

० गहुँको उन्नत जातहरु, विजय, नेपाल ९७१, आदित्य, गौतम, अच्यूत, रोहिणी, विएल ११३५ आदि जातहरु लगाउनु उपयुक्त हुन्छ।

० बीउको उपचार -बेभिष्टिन वा वेनलेट २ ग्राम वा भाइटाभ्याक्स २००-३ ग्राम प्रति केजीका दरले उपचार गरेर मात्र बीउ छर्ने।

० गहुँको बीउ ३.३ केजी प्रति कट्ठाको लागि पर्याप्त हुन्छ।

**४. तोरी**

० माटोको चिस्यान घटिरहने हुनाले चिस्यान रहदै तोरी छर्नु उपयुक्त हुन्छ।

० जग्गाको तयारीको बेलामा ३०-४० केजी कम्पोष्ट मल तथा १.६ केजी युरिया, ३० केजी डिएपी र १.१ केजी म्युरेट अफ पोटास प्रति कट्ठाका दरले जग्गाको अन्तिम तयारीको बेला राम्ररी माटोमा मिलाउनु पर्दछ।

० तोरीको उन्नत जातहरु मोरङ्घ तोरी २, प्रिती, उन्नति, प्रगति र विकास जातहरु लगाउनु उपयुक्त हुन्छ।

० तोरीको बीउको उपचार गर्ने : बीउबाट लाग्ने/सर्ने अल्टरनेरिया थोप्ले रोगको लागि मेन्कोजेव ३ ग्राम प्रति केजी बीउको दरले उपचार गरी छर्नु उपयुक्त हुन्छ।

० तोरीको बीउ २००-२५० ग्राम प्रति कट्ठाको लागि पर्याप्त हुन्छ।

**५. अरहर/ मुसुरो :**

० बोट ओइलाउने रोगको रोकथामको लागि २ ग्राम वेभिष्टिन वा डेरोसाल(कार्वेन्डाजिम) प्रति लिटर पानीमा घोलेर अरहरको बोट भिज्ने गरी छर्कनु उपयुक्त हुन्छ।

**मुसुरो :**

० मुसुरो लगाउन जग्गाको तयारीको बेलामा ३०-४० केजी कम्पोष्ट मल तथा ५०० ग्राम युरिया, १.५ केजी डिएपी र १.१ केजी म्युरेट अफ पोटास प्रति कट्ठाका दरले माटोमा राम्ररी मिलाउनु पर्दछ।

० आगामी हप्ता पानी पर्ने सम्भावना न्यून रहेकोले कम चिस्यान भएको खेतमा मुसुरो लगाउंदा बीउलाई १२ घण्टासम्म पानीमा भिजाई २ घण्टा छायांमा सुकाएर छर्नु उपयुक्त हुन्छ।

० राइजोवियमले मुसुरोको बीउलाई उपचार गरी लगाउन उपयुक्त हुन्छ।

० तोरी बालीसंग मुसुरो मिश्रित बालीको रुपमा लगाउंदा ६६५ ग्राम मुसुरो र ६५-१०० ग्राम तोरी मिसाएर प्रति कट्ठाको दरले छर्नु उपयुक्त हुन्छ।

० मुसुरोका उन्नत जातहरु खजुरा १, खजुरा मुसुरो २, सिन्दूर, सिम्रिक, शिशिर, शितल आदि जातहरु लगाउनु उपयुक्त हुन्छ।

० वीउको उपचार - बेभिष्टिन वा डेरोसाल ३ ग्राम प्रति केजीका दरले वीउको उपचार गर्नु उपयुक्त हुन्छ।

**६. फलफूल बाली**

० बर्षात सकिएर सुख्खा मौसम शुरु भएको हुनाले केरा खेती गर्ने कृषकहरुले केराको घरी वरिपरि पात पतिङ्गर, केराको सुकेका पात आदिले छाप्रो दिनु पर्दछ।

० सिंचाई सुविधा भएका कागती बगैंचामा डब्बल रिङ्ग (डब्बल औठी आकारको कुलेसो) बनाई सिंचाई गर्नु पर्दछ। सिंचाई सुविधा नभएका स्याला, घासपात वा कालो प्लाष्टिकको छाप्रो राख्नु पर्दछ।

० कागती विरुवामा रोग किरा लागेका, उपचार हुन नसक्ने, एक आपसमा जोडिएका, सुकेका लामा लामा कांडा भएका र सलक्क बढेका चोर हांगाहरु, कलमी भाग भन्दा तलबाट आएका मुनाहरु र विरुवाको मूल काण्डको ४०-५० से.मी भन्दा तल आएका सबै हांगाहरु हटाउनु पर्दछ।

**७. आलु :**

० आलु लगाउने उपयुक्त समय भएकोले यही समयमा तयारी गर्नु पर्दछ। जग्गा तयार गर्दा १००० केजी कम्पोष्ट/गोठेमल, ७.३ केजी डिएपी ४.६ केजी यूरिया र ३.३ केजी म्यूरेट अफ पोटास प्रति कट्ठाका दरले राखी माटोमा मिलाउनु पर्दछ। आलुको सिफारिस गरिएको जातहरु ५०-६५ केजी प्रति कट्ठाका दरले लगाउनु पर्दछ।

० वियांबाट बीउ वा खायन आलु उत्पादनको लागि एच.पि.एस ११/६७, एचपिएस१/१३ जातहरु उपयुक्त हुन्छन्।

० काटेर लगाउने आलुको बीउलाई २-३ प्रतिशत मेन्कोजेवको घोल बनाएर ५ मिनेट सम्म डुवाएर रोप्नु उपयुक्त हुन्छ।

० बढ्दै गरेका आलुमा माटोको चिस्यान हेरि १५-२० दिनको फरकमा हल्का सिंचाई गर्नु उपयुक्त हुन्छ।

**अगौट डढुवा रोग :** आलुमा यो रोग देखिएमा मेन्कोजेव ३ ग्राम प्रति लिटर पानीको घोल बनाई आलुको बोट पुरै भिज्ने गरी छर्नु उपयुक्त हुन्छ।

**तरकारी बालीहरु :**

० बेमौसमी प्याज उखेल्ने उपयुक्त समय भएकोले प्याजका बोटहरु उखेलेर छायांमा एकदुई दिन अखन दिई टुप्पा काटेर सफा गर्नु पर्दछ।

० मौसमी प्याज खेती गर्ने किसानहरुले तयार भएको प्याजको बेर्ना सार्ने उपयुक्त समय यही हो।

० प्याजको बेर्ना किनेर सार्नु पर्ने किसानहरुले छिटो डुकु नआउने रेडक्रियोल जातको बेर्ना सार्नु उपयुक्त हुन्छ।

० काउली, बन्दा लगाएको ४५-५० दिन भईसकेको भएमा ७-१० ग्राम युरिया (१ चम्चा) बोटको वरिपरि घेरा बनाई राखी पुर्नु पर्दछ। दोस्रो टपड्रेस गरिसकेपछि सिंचाई गुर्न पर्दछ।

० काउली, बन्दा, ब्रोकाउली, सरिसके पछि फेद काट्ने किराको प्रकोप बढ्ने भएको कारणले क्लोरोपाइरिफर २० % ई.सी १ एमएल प्रति लिटर पानीमा घोली विरुवाको फेद फेदमा छर्नु पर्दछ।

० भण्टाको डाँठ तथा फलको गवारो व्यवस्थापनको लागि गवारोको कारण ओइलिएको मुण्टा, पात तथा फल टिपी करीव १ फुट गहिरो खाडलमा पुर्ने वा जलाउने। क्योरानट्रानिलिप्रोल (कोराजेन) १८.५ इ.सि. ०.२ मिलि प्रति लिटर पानीमा मिसाई बोट भिज्ने गरी छर्ने।

० हिउंदे तरकारी बालीको फेद काट्ने कीरा र बेर्ना कुहिने रोगको व्यवस्थापन गर्न क्लोरोपाईरीफोस १६% को ०.५ मिलि र कार्वोनडाइजिम(बेभिष्टिन)५०% डब्लु पि.को १ ग्राम प्रति लिटर पानीमा घोली स्प्रेयरबाट बोट भिज्ने गरी छर्नु पर्दछ।

० आगामी हप्ता सामान्य रुपमा बदली रही रहने हुनाले खुर्सानीको फल लागिसकेको अवस्थामा पात तथा फलमा लाग्ने थोप्ले रोग (सर्कास्पोरा र एन्थ्राक्नोज रोग) लाग्न सक्ने हुनाले बेभिष्टिभ ५०% डब्लु पि. को २ ग्राम प्रति लिटर पानीमा घोली पात तथा फल भिज्ने गरी छर्नु उपयुक्त हुन्छ।

० आगामी हप्ता सामान्य रुपमा बदली रही रहने हुनाले गोलभेंडा, खुर्सानी, भण्टा आदिमा जरा कुहिने रोगले प्रकोप बढ्न सक्दछ। यसको व्यवस्थापनको लागि कार्वनडाईजिम ५०% डब्लु पि.(वेभिष्टिन) २ ग्राम प्रति लिटर पानीमा घोलेर विरुवाको पुरै भाग र जरासम्म पुग्ने गरी छर्नु पर्दछ।

० सुख्खा मौसम भएकोले बेसार, अदुवा, बालीको टुप्पो मर्ने सुक्ने भएकोले छाप्रो राखी चिस्यान जोगाउनु पर्दछ।

**अन्य :**

० सापेक्षित आर्द्रता घटबढ भईरहने समय भएकोले भण्डारण गरिएको खाद्यान्न तथा बीउहरुलाई रोग तथा कीराबाट बचाउन समय समयमा हेरचाह गर्नु उपयुक्त हुन्छ।

० खेतबारीमा देखिने सबै कीराहरु हानिकारक हुँदैनन्। तसर्थ कीरा देखिने वित्तिकै विषादीको प्रयोग नगरौं। मित्रजीव कीराहरु जस्तै माकुरा, गाइने कीरा, सात थोप्ले खपटे कीरा, बारुला, नमस्ते कीरा(प्रेइङ्ग मेन्टीड) देखिएमा तिनीहरुको संरक्षण र संबर्द्धन गरौं।

० मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नु पर्दछ।

बाँकी पेज ४ मा

**कृषि...**

**बाली संरक्षण**

**१. लाही (एफिड) :**

० १ भाग गाईको गहुँत र ४ भाग पानी मिसाई रातभरी राखेर लाही लागेको ठाउँमा भिज्ने गरी भोलीपल्ट अनुकूल मौसममा छर्कनु राम्रो हुन्छ ।

० मालाथियन ५० इ.सी., २ मि.लि. प्रति लिटरको दरले पानीमा मिसाई लाही लागेको ठाउमा भिज्ने गरी अनुकूल मैसममा छर्कनु उपयुक्त हुन्छ ।

० नयाँ पालुवामा लाही, लिफ माईनर, सुलसुले लाग्ने भएमा सवई वा एट्सो तेल १५ मि.लि. प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा छर्नु उपयुक्त हुन्छ ।

**घ) पशुपालन :**

० कुम्री (ढकेरी) लागेका बाखाको हकमा दैनिक एक चक्की डाई ईथाइल कार्बामाजिन (डि.ई.सी) १०० मि.ग्रा. सात दिनसम्म खुवाउने र साथमा भिटामिन बी कम्प्लेक्सको सुई २-३ दिनसम्म लगाउने ।

० पि.पि. आर रोग लाग्न नदिन ३ महिनाभन्दा माथिका भेडा बाखामा सो रोग विरुद्धको भ्याक्सिन लगाउनु उपयुक्त हुन्छ ।

० बाखाको मोओलाको लागि ५% पोभीडिन आयोडिन वा १% कपर सल्फेट वा २% बोरिक एसिडको झोल वा १%पोटासको घोलले मुख सफा गर्नु उपयुक्त हुन्छ । मोओलाको भाईरस घाउ, चोटपटक लागेको वा काटेको ठाउँबाट मानिसमा सर्न गई त्यस्तै प्रकारको घाउ खटिरा आउन सक्ने हुनाले त्यस्तो रोगी बाखालाई घाउ चोटपटक नलागेको मान्छे वा पन्जा लगाएर स्याहार सुसार गर्नु पर्दछ ।

० गाई भैंसी तथा सुंगुरहरुमा खोरेत रोग लाग्न नदिन पशु सेवा कार्यालयको समन्वयमा सो रोग विरुद्धको भ्याक्सिन ६-६ महिनामा लगाउनु उपयुक्त हुन्छ ।

० यो समयमा हिउंदे घाँसहरु लगाउनका लागि जग्गाको तयारी गर्न उपयुक्त हुन्छ ।

० माछा पोखरीमा घुलित अक्सिजनको मात्रा बढाउन हावा यन्त्र (एरेटर) को प्रयोग गर्ने ।

० माछा पोखरीमा तापक्रम घट्ने क्रम रहेकोले भूमिगत पानी (बोरिङ्ग वा ट्युव वेल) ले पोखरीको पानीलाई विस्थापित गर्नु उपयुक्त हुन्छ साथै माछालाई धेरै नचलाउन उपयुक्त हुन्छ ।

# उच्च मूल्य कृषि वस्तु विकास आयोजनाको कार्य क्षेत्रमा कम्वोडियाको प्याडी आयोजनाका प्रतिनिधि



काठमाडौं । मित्रराष्ट्र कम्वोडियाको कृषि, मत्स्य तथा वन मन्त्रालयबाट संचालित Project for Agriculture Development and Economic Empowerment (PADEE) को १४ सदस्यीय भ्रमण टोलीले हालै नेपाल सरकार, कृषि विकास मन्त्रालय अन्तर्गत मध्यपश्चिम क्षेत्रमा संचालित उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP) ले संचालन गरेका गतिविधिहरुको अवलोकन भ्रमण गरेका छन् ।

रोडकोरिडोर, मूल्यश्रृंखला र समावेशी व्यवसायको अवधारणामा संचालित उच्च मूल्य कृषि वस्तु विकास आयोजनाले संचालन गरेका कार्यक्रमहरुको अवलोकन एवं दुबै आयोजनाका सिकाईहरु आदान प्रदान गर्ने उद्देश्यले भ्रमण आयोजना गरिएको हो ।

भ्रमणको क्रममा टोलीले उच्च मूल्य कृषि वस्तु विकास आयोजना लागु भएको क्षेत्र (सुर्खेत) मा टिमुर, अदुवा र वेमौसमी तरकारी मूल्यश्रृंखला विकासमा भएका गतिविधिहरुको फिल्डस्तरमा अवलोकन गरिएको थियो । यसैक्रममा छिन्चुको कालिदमारमा स्थापित अदुवा प्रशोधन केन्द्र, लेखफर्साको जागृती कृषि सहकारी संस्था (अदुवा), उत्तरगंगाको हरियो हिरा सहकारी संस्था (तरकारी), भैरम सामुदायीक वन उपभोक्ता समूह (टिमुर नर्सरी), पोखरीकांडाको मिलिजुली कृषक समूह (तरकारी) को भ्रमण गरी वस्तुस्थिति तथा क्रियाकलापहरुको अवलोकन एवं अन्तरक्रिया गऱ्यो । यसैक्रममा उक्त टोलीले उच्च मूल्य कृषि वस्तु विकास आयोजना, क्षेत्रीय कृषि निर्देशनालय र सुर्खेत उद्योग वाणिज्य संघका प्रमुख एवं पदाधिकारीहरुसंग छलफल गरेको थियो । सर्खेतको भ्रमणको क्रममा टोलीले आयोजनाबाट वेमौसमी तरकारी मूल्यश्रृंखला विषयमा आयोजित वहुसरोकारवाला अन्तरक्रियामा भाग लिई विभिन्न सरोकारवाला निकायहरुसंग समेत अन्तरक्रिया गरी सिकाई आदान प्रदान गरे ।

उत्पादक कृषक समूह र व्यवसायीवीचको सम्वन्ध तथा वजारिकरण, महिला, दलित तथा जनजाती वर्गको समावेशिकरण र उनीहरुको सशक्तिकरणका विषयमा उच्च मूल्य कृषि वस्तु विकास आयोजनाले गरेका प्रयासहरु भ्रमणको विशेष सिकाई भएको टोलीका प्रमुख एवं PADEE आयोजना प्रमुख श्री खेम पोन्नाले बताए ।

यस फिल्ड भ्रमण अघि उक्त टोलीले कृषि विकास मन्त्रालयका सचिव श्री उत्तमकुमार भट्टराई लगायत मन्त्रालयका उच्चपदस्थ अधिकारीहरुसंग भेट गरेको थियो जसमा मन्त्रालयको तर्फबाट नेपालको कृषि विकासको अवस्था, नीति, प्राथमिकता र भावी योजना तथा कार्यक्रम वारे जानकारी दिइयो । उक्त टोलीले काठमाण्डौमा नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतको कृषि उद्यम केन्द्रका पदाधिकारीहरुसंग पनि भेट गरेको थियो । गत मंसिर १ देखि ४ गते सम्म उच्च मूल्य कृषि वस्तु विकास आयोजनास्थलमा भ्रमणमा रहेको उक्त कम्वोडियाली टोलीलाई उच्च मूल्य कृषि वस्तु विकास आयोजनाका प्रमुख राजेन्द्र भारीले स्वागत तथा विदाई समेत गरेका थिए । कम्वोडियाको PADEE र नेपालको HVAP दुवै आयोजना कृषि विकासका लागि अन्तराष्ट्रिय कोष (IFAD) को सहयोगमा संचालित रहेको बताईएको छ ।

# श्रीनगर कृषकको सहयात्रीमा



डा. अनन्त दाहाल

नेपाल कृषिप्रधान देश भएतापनि कृषि क्षेत्रमा त्यति प्रगति गरेको देखिदैन । कृषिको अभिन्न अंगकुखुरा पालन व्यवसाय नेपालमा केहि दशक अघिदेखिनै सुरु गरिए पनि अन्य देशको तुलनामा भने निकै पछाडि परेको देखिन्छ । तुलनात्मक रुपमा व्यवसायी ककुखुरा पालन सफल नहुनको मुख्य कारणहरु मध्ये यथोचित पौष्टिक दानाको कमी, बजार व्यवस्थापनमा कठिनाई, समय समयमा देखा पर्ने विभिन्न रोगहरु, कृषक वर्गमा प्राविधिक ज्ञानको अभाव र व्यवसायिकतातर्फ उन्मुख गराउने उचित संस्थाको अभाव मुख्य हुन् । व्यवसायिक कुखुरा पालनतर्फ उन्मुखहुने प्रत्यनका बावजुद पनि कृषक वर्गले विभिन समस्या झेल्नुपर्ने परिस्थिती विद्यमान छ ।

समयको परिवर्तन सँगै नेपालको कृषि क्षेत्रमापनि सकरात्मक रुपान्तरणको संकेत देखिने थालेको छ । कृषि व्यवसायमा विद्यमान कमि कमजोरीहरुलाई मध्यनजर राखी कृषि जन्य उत्पादनको वृद्धि र विकास गर्न देशभर एकिकृत सेवा प्रदान गर्ने उद्देश्यले सन् २००२ मा "श्रीनगर एग्रो फार्म प्रा.लि"को स्थापना गरियो । श्रीनगर एग्रो फार्मले स्थापनाकाल देखिनै विश्व विख्यात जातका उत्कृष्ट कुखुराका एक दिने चल्ला र नेदरल्याण्डको अत्याधुनिक प्रविधिको प्रयोग गरी उत्पादन गरिने सुनौलो ब्राण्डको अत्यन्तै सन्तुलित, पौष्टिक र उत्पादन वर्धक कुखुरा, गाई भैंसी र वंगुरको दाना बजारमा ल्याएको छ । यसका साथै नेपालमानै पहिलो पटक एक्स्ट्रसन प्रविधिको प्रयोगमा माछाका लागि तैरिने दाना जुन हिमदानाको ब्राण्डमा बजारमाउपलब्ध छ जसले मत्स्यपालन क्षेत्रमा नयाँ आयमल्याउन सफल भएको छ । मत्स्य पालन व्यवसायलाई उकास्न भन्ने नाराका साथ उच्चस्तरिय दाना, विभिन्नजातका स्वस्छ माछाका भुराहरु, मत्स्य प्राविधिकको घरदैलो सेवा सहित श्रीनगर एग्रो फार्म कृषक सामु लोक प्रिय बन्दै गएको छ ।

नेपाल कृषिप्रधान देश भएता पनि यहाँ विद्यमान खाद्य संकट न्यूनिकरण गर्ने उद्देश्य अनुरुप श्रीनगर एग्रो फार्मले कुखुरा र अण्डाको उत्पादन वृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आन्तरिक बजारमा उत्पादन पुऱ्याउने र खपत बृद्धि गर्ने योगदान पुऱ्याएको छ । यसले कृषक र ग्राहकबीचको दूरी घटाउनका साथै कृषकको आम्दानी सदैव सुनिश्चित गरेको छ । कृषकलाई प्रविधिको नजिकल्याउन देश भरनै वरिष्ट भेटेनरी डाक्टर र कृषितथा भेटेनरी प्राविधिकहरुको कृषक घरदैलो कार्यक्रम अगाडि बढाएको छ । खाद्य सुरक्षालाई मध्यनजर गर्दै घर-घरमा पौष्टिक आहार पुऱ्याउने लक्ष्य सहित श्रीनगर एग्रो फार्म राष्ट्रलाई खाद्य उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्य स्वरुप अघि बढेको छ । यसकालागि कृषकसँग सहकार्य गरी कृषि क्षेत्रको दीगो विकासको प्रयासमा पनि श्रीनगर एग्रो फार्म अग्रसर छ । त्यसै गरी कृषकको कृषि व्यवसाय र आवश्यक प्राविधिक सिपको स्तर उकास्नका साथै उनिहरुलाई नयाँ प्रविधि सगँ अवगत गराउँदै बजार व्यवस्थापनमा पनि मद्दत पुऱ्याउँदै आएको छ ।

श्रीनगर एग्रो फार्मले विश्वस्तरीय उत्पादन तथा सेवाहरु नेपाली कृषक र उपभोक्ताहरुको पहुँचसम्म ल्याएको छ । यसका लागि श्रीनगर एग्रो फार्मले विश्वविख्यात जातका नेपालको हावापानी सुहाउँदा कुखुराका जातका माउकुखुराको फार्म अत्यन्तै जैविक सुरक्षित फार्ममा पालनगरि ब्रोइलर तथा लेयर्सका एक दिने चल्लाका साथै १२ हप्ताका लेयर्सका अण्डा उत्पादन योग्य पेलेट कुखुराहरु बजारमा उपलब्ध गराउँदै आएको छ । कुखुरामा निहित वंशानुगत क्षमतालाई अधिकतम रुपमा उत्पादनमा ल्याउन चाहिने उच्च गुणस्तरको, सन्तुलित र उत्पादनवर्धक पेलेट दाना सुनौलो पेलेट दानाको ब्राण्डमा बजार ल्याएको छ । सुनौलो पेलेट दानाबजारमा आएदेखि कुखुरापालक कृषकहरुले उत्पादनमा वृद्धिभई कुखुरापालन व्यवसाय मुनाफाको बाटोमा अग्रसर भएको बताउँछन् । चल्ला र दानाको क्षेत्रमा मात्रनभई श्रीनगर एग्रो फार्मले नेपालमै पहिलो पटक उत्पादन मिति र प्रयोग गरिसक्नु पर्ने मिति छापिएको ग्राहकवर्गमा गुणस्तर र पौष्टिकताको प्रत्याभुत गरिएको सुनौलो अण्डा बजारमा ल्याएको छ । अत्यन्तै स्वस्छ र सफाफार्मबाट संकलित उक्त अण्डाको निरोगिताको प्रमाणपत्र श्रीनगरका वरिष्ट भेटनेरियन डाक्टरले निरिक्षण गरी प्रमाणित गरेपछि मात्र बजारमा उपभोक्ताका लागि उपलब्ध गराउँदै आएका छन् ।

कुखुरा पालनको अलवा मत्स्यपालन क्षेत्रमा पनि श्रीनगर एग्रो फार्मको विशिष्ट योगदान रहेको छ । हिमदाना माछाका लागि र कृषकका लागि वरदान सावित भएको कृषक बताउंछन् । हिमदानाले माछाको वृद्धिमा सहयोग पुऱ्याउनुको साथै पोखरीमा पानीको गुणस्तरलाई पनि शुद्धि गर्न मद्दत पुऱ्याउंछ । हिमदाना चिसो पानी र न्यानो पानीमा पालिने सबैखाले माछाको जातहरु आवश्यकता अनुरुप छुटा छुट्टै तयार पारी बजारमा ल्याएको छ । दानाका साथै श्रीनगर एग्रो फार्मले विभिन्न प्रजातिको माछाका भुराहरु पनि कृषकलाई उपलब्ध गराउदै आएको छ । आफ्नो फार्ममा उत्पादित भाले टिलापिया र पाङ्गास माछाका भुराहरु पनि फार्मले उपलब्ध गराउदै अएको छ । यसले कृषकको जीवनस्तर परिवर्तन ल्याउनुका साथै आर्थिक रुपमा पनि उनिहरुलाई सवल बनाउदै लगेको छ । त्यस्तै श्रीनगर एग्रो फार्मले गाई भैसी र बंगुरको उच्च स्तरिय दानाउत्पादन गरी दुग्ध उत्पादन र वंगुरपालन क्षेत्रमा पनि महत्वपूर्ण योगदान दिंदै आएको छ ।

श्रीनगर एग्रो फार्मले कृषकहरुलाई प्राविधिक-व्यवसायिक र भेटेनेरी सेवा उनीहरुको घर आँगनसम्म उपलब्ध गराउँदै आएको छ । यसका साथै कृषकको क्षमता अभिबृद्धिका लागि विभिन्न तालिम प्रदानगर्दै आएको छ । श्रीनगर एग्रो फार्मले नै पहिलो पटक कन्ट्रयाक्ट फार्मिङ्गको अवधारण अघि सार्दै कृषकलाई चल्ला र दाना उपलब्ध गराउने र उत्पादनपुन : आफैले किन्ने सम्मको व्यवस्था गरेको छ । यसले गर्दा कृषकले आफ्नो सम्पूर्ण समय र मेहेनत उत्पादनमा लगाई अरु विषयवस्तुमा समय खर्च गर्नुनपर्ने अवस्था सृजना भई कृषकलाई सहजीकरण भएको छ । त्यस्तै कृषकको उत्पादनलाई बजारसम्म पुऱ्याउन पनि श्रीनगर एग्रो फार्मले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । जसका कारण कृषकले आफ्नो उत्पादनले बजार नपाउने समस्या व्यहोन्नु पर्ने अवस्था हट्दै गएको देखिन्छ । यसका साथै कृषि क्षेत्रमा नयाँ प्रविधिको प्रयोग पनि श्रीनगर एग्रो फार्मले अग्रणी भूमिका निभाएको छ ।

प्यारेन्ट फार्ममा सतप्रतिशत जैविक सुरक्षा कायम गर्नु, अत्याधुनिक प्रविधिको गुणस्तर नियन्त्रण विभाग स्थापना गर्नु, कच्चा पदार्थ, उत्पादनरत र उत्पादित वस्तुको सुरक्षा र गुणस्तर प्रत्याभुति गर्नु, कम्पयूटरराइज्ड् तौलपुल र सि सि टि भि को जस्ता सुक्ष्म निगरानीले गर्दा श्रीनगरले नेपालमा एक अलग्गै पहिचान बनाउन सफल भएको छ । अत्याधुनिक प्रविधिको प्रयोग गरिरहादा पनि प्रकृतिको नजिकमा रही कृषिलाई अघि बढाउन श्रीनगर एग्रो फार्मलागि परेको छ । नेपालको भौगोलिक विभिधता अनुरुप कृषिको आधुनिकिकरणको पक्षमाफर्म रहेको छ । नेपालको विकासमा कृषिको योगदान बढाउन र कृषि उत्पादनमा आत्मनिर्भर हुने उद्देश्यका साथश्रीनगर एग्रो फार्मले आफ्नो अभियान अघि बढाएको छ । कृषिको आधुनिकिकरणले नै देशमा आर्थिक रुपान्तरण आउने छ र यसैले अधिकांस नेपालीको जीवन स्तरमा परिवर्तन ल्याउने छ भन्ने श्रीनगर एग्रो फार्मले ठम्याई रहेको छ । आउदा दिनहरुमा पनि आफ्नो कर्ममा निरन्तर माझिदै आधुनिक कृषिका माध्यमबाट नेपाललाई आर्थिक रुपमा सम्वृद्ध बनाउने लक्ष्य श्रीनगर एग्रो फार्मले लिएको छ ।

**– लेखक श्रीनगर एग्रो फार्मप्रा. लिमा वरिष्ठ प्राविधिक प्रबन्धकका रुपमा कार्यरत छन्**

## अनुदानका लागि निवेदन दिएनन् किसानले

झापा। कृषि विकास मन्त्रालय मातहतमा सञ्चालनमा आएका आयोजनाहरु भित्रको कमिशन खेलका कारण जिल्ला कृषि कार्यालहरुले प्रदान गर्दै आईरहेका सरकारी अनुदानप्रति पनि किसानहरु आकर्षित हुन सकेका छैनन्। जिल्ला जिल्लामा कृषि कार्यालयहरु मार्फत विभिन्न कृषि खेतीगर्नका लागि अनुदान उपलब्ध गराउँदै आईरहेको भएपनि किसानलाई त्यसले आकर्षण गर्न नसक्नु भनेको राम्रो कुरा भने पटक्कै होइन।




जिल्ला कृषि विकास कार्यालय झापाले पनि प्राङ्गारिक मल उत्पादन र बासनादार धानखेतीका लागि चालु आवमा लाखौ रकमको अनुदान बजेट विनियोजन गरे पनि अनुदान माग्न अहिलेसम्म एक जना किसानको समेत निवेदन नपरेपछि सरकारी अनुदानप्रति किसानहरु आकर्षण हुन नसकेको कुरा पुष्टि भएको छ।

जिल्ला कृषि कार्यालय झापाले प्राङ्गारिक मल उत्पादनमा रु ३० लाख ६० हजार र बासनादार धान तथा मकैखेतीमा रु ८७ लाख अनुदानको बजेट छुटयाएको छ। सो कार्यालयका अनुसार पहिलो चौमाकिस अर्थात साउनदेखि कात्तिकसम्मको समयमा अनुदान माग गर्न एउटा पनि निवेदन परको छैन। कार्यालयमा चालु आवमा खर्च हुने गरी किसानलाई रु दुई करोड २८ लाख १४ हजार अनुदानको कुल बजेट आएको छ। अन्य शीर्षकमा अनुदान लिन किसान आउने गरे पनि प्राङ्गारिक मल, धानखेतीलगायतका शीर्षकमा अनुदान लिन किसानले नै चासो नदेखाएको कार्यलयका एक कर्मचारीले बताए। सरकारले विशेष कृषि उत्पादनका लागि प्राङ्गरिक मल उत्पादन, बासनादार धान र मकैका बीउबिजनका लागि झापामा पहिलोपल्ट अनुदानको बजेट पठाएको हो। बासनादार धानअन्तर्गत बासमती धानको उत्पादन पर्दछ।

सरकारले झापामा व्यावसायिक च्याउखेतीका लागि रु १६ लाख १८ हजार, सिचाइका लागि रु ५१ लाख ३७ हजार र व्यावसायिक तरकारीखेतीका लागि रु ४३ लाख अनुदानको बजेट पठाएको छ।

च्याउ, सिचाइ, तरकारीलगायतका शीर्षकमा आएका अनुदान लिन किसान आउने गरेको कार्यालयले जनाएको छ। जिल्ला कृषि विकास कार्यालय झापामा आव २०७२/७३ का लागि रु सात करोड १३ लाख बजेट आएको छ। कुल बजेटको लगभग एक तिहाइ बजेट अनुदानमा जाने गरेको जिल्ला कृषि कार्यालय झापाले जनाएको छ।

## कृषि विकास रणनीतिक सार्वजनिक

काठमाडौं। नेपाली कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकरण र औधोगिकरण गर्नका लागि साना किसानहरुलाई आधुनिक कृषि प्रणालीसाग जोड्नु पर्नेमा कृषि विकास मन्त्री हरिबोल प्रसाद गजुरेलले जोड दिएका छन्। काठमाडौंमा आयोजित कृषि विकास रणनीतिको सार्वजनिकीकरण गर्दै मन्त्री गजुरेलले सो कुरा बताएका हुन्। त्यस्तै व्यवस्थापिका संसदको कृषि तथा जलस्रोत समितिका सभापति गगनकुमार थापाले कृषि विकास रणनीतिले कृषि क्षेत्रको विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए। कृषि विकासका लागि सरोकारवाला निकायहरु सहयात्रामा जुट्नु पर्नेमा समेत थापाले आग्रह गरेका थिए।

कृषि क्षेत्रको समग्र विकास गर्ने उद्देश्यले कृषि विकास मन्त्रालयले कृषि विकास रणनीतिक सार्वजनिक गरेको छ। सो कार्यक्रममा मन्त्रालयका योजना महाशाखाका प्रमुख योगेन्द्रकुमार कार्कीले कृषि विकास रणनीति विगतको अवस्था र भावी दिनमा कृषिमा आउने परिवर्तनका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए। कृषि विकास मन्त्रालयका सचिव उत्तमकुमार भट्टराईको अध्यक्षतामा भएको सो कार्यक्रममा विभिन्न राजनीतिक दल निकट कृषि सञ्जालका सदस्यहरुले कृषि रणनीतिको बारेमा धारणा राखेका थिए।

## सुन्तला, बङ्गुर र कफी किसानलाई पुरस्कार

पर्वत। पर्वत जिल्लाका तीन फरक फरक कृषि व्यवसाय गरिरहेका किसानहरुलाई जिल्लास्तरीय कृषक पुरस्कारबाट पुरस्कृत गरिएको छ। जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालयले संयुक्त रुपमा पुरस्कृत गरेकामा शालिजा गाविसका सुन्तला उत्पादक नरु पाइजा, कुस्मा नगरपालिकाका बङ्गुरपालक प्रेमबहादुर गुरुङ र कार्कीनेटा गाविसका कफी उत्पादक भवानीप्रसाद शर्मा रहेका छन्। कफी उत्पादनक भवानीप्रसाद शर्मा कफी व्यवसायी महासंघका महासचिव समेत हुन्। पुरस्कृत कृषकलाई जनही रु १० हजार, प्रमाणपत्र र दोसल्लासहित सम्मान गरिएको हो।

सो पुरस्कारका लागि जिल्लाभरीबाट ४९ किसानहरुले आवेदन दिएका थिए।

## नेपालको संविधानले आत्मसात गरेका मूल्य, मान्यता र सिद्धान्त

- नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्ने।
- जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गरिएको।
- राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको स्मरण गर्दै शहीद तथा बेपत्ता र पीडित नागरिक प्रति सम्मान प्रकट।
- बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावको संरक्षण एवं प्रवर्धन।
- वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण।
- जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने प्रतिवद्धता।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धि गर्ने उद्देश्य।

## नेपालको संविधानमाप्रारम्भिक व्यवस्था

- सार्वभौमसत्तासम्पन्न नेपाली जनताबाट जारी भएको संविधान नेपालको मूल कानून हो।
- संविधानसाग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुने।
- संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुने।
- नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको।
- बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो।
- नेपाल राज्यः नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो।
- नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषाको रुपमा रहने।
- देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हो।
- नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने अन्य राष्ट्रभाषालाई प्रदेश कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग

## मुस्ताङबाटै स्याउ पूर्णरुपमा लोप

मुस्ताङ। मुस्ताङबाट स्याउ लोप भयो भन्दा पत्यार नलाग्न पनि सक्छ। तर भयो त्यस्तै स्याउको राजधानी भनेर चिनिने मुस्ताङको दुई गाविसमा स्याउ फल्न छाडेपछि पूर्ण रुपमा नै ती दुइ गाउँबाटछ स्याउको बोट पूर्णरुपमा लोप भएका छन्।



जलवायु परिवर्तनको असरस्वरुप तल्लो क्षेत्रको लेते र कुञ्जो गाविसमा करिब छ वर्षदेखि स्याउ उत्पादन हुन नसकेको हो। यसलाई विज्ञहरुले जलवायु परिवर्तनको टड्कारो असर आधार भनेका छन्। केही वर्षअघिसम्म स्यार्दी र मुस्ताङको सिमाना घासासम्म स्याउ फल्ने भए पनि अहिले दुवै गाविसमा बोटसमेत हुर्कन नसक्ने अवस्थामा पुगेको जिल्ला कृषि विकास कार्यालय मुस्ताङले जनाएको छ।

त्यहााका स्याउ उत्पादक किसान अहिले एकदमै चिन्तित छन्, कुनै समय स्याउको पकेट क्षेत्र मानिने ती क्षेत्र अहिले सुनसान देखिन्छ। हावापानी अनुकूल नभएपछि बोटसमेत राम्ररी हुर्कन सकेको छैन। विश्वव्यापीरुपमा बढ्दो औद्योगीकरणसागै बढेको तापक्रमका कारण हिमाली क्षेत्रमा हिउाको मात्रा घट्दै जाादा त्यसको प्रत्यक्ष असर स्थानीयस्तरमा देखिन थालेको विज्ञहरुले बताएका छन्।

जिल्ला कृषि विकास कार्यालयले मार्फा, टुकुचे, जोमसोम, कागबेनीलगायतका गाविसलाई मात्रै स्याउ उत्पादनका दृष्टिले पकेट क्षेत्र मानेको छ।

2015 International Year of Soils



# Ten-year agriculture development strategic plan on effect

Kathmandu, The Ministry of Agriculture Development has brought into effect the agro development perspective plan. Minister for Agriculture Development Haribol Gajurel Friday made public the 20-year perspective plan of agriculture development with 10-year plan of action and review of past progress amid a programme organized here in Kathmandu.

The long-term plan has envisaged intensifying economic growth, elevating living standard of farmers, contributing to food and nutrition security, orienting to food sovereignty and making farmers competitive and self-sufficient.

On the occasion, Minister Gajurel underscored the need to modernize, commercialize and industrialize existing sustenance-based agriculture, link small farmers with modern agro system and create employment opportunities within agro sector in collaboration with private sector. Chairperson of Agriculture and Water Resource Committee of the Legislature-Parliament Gagan Thapa termed the strategic plan important while stressing the need to make Nepali people self-reliant through sustainable development of the agro sector. Asian Development Bank's Nepal Country Director Kenichi Yokoyama said that the perspective plan would bring about big change in the developing country like Nepal.

# Apple orchards vanish in Mustang villages due to climate change

Mustang : The apple orchards have completely vanished at Lete and Kunzjo VDCs in Mustang, the Himalayan district known as the capital of apple farming. It is said that apple production has not happened at all in the two VDCs for the past six years now. Experts have associated this incident as the direct impact of climate change.

Planning Officer at the District Agricultural Development Office, Mustang, Tapta Bahadur Gurung, said that apple plants cannot grow in both the VDCs in the recent times though apple farming was possible even in the border areas of Myagdi and Mustang districts until some years ago.

"The apple farmers are really worried to the situation in the VDCs. now, the apple orchards don't exist there though the VDCs were considered as the pocket area for apple farming in the past," Gurung said. Even the apple trees can't grow well due to unfavorable climate, he added.

Currently, the office has considered Marpha,



Tukuche, Jomsom, Kagbeni and some other VDCs as the pocket areas for apple farming.

Senior Agricultural Development Officer Sabitri Baral said that climate change was the root cause for this to happen. "Apple trees are vanishing in the lowlands while they have yielded fruits in the highlands though the apple trees could not grow due to excessive cold in the upper belt of Mustang in the past," Baral shared.

# Government to bring national fodder policy

New Delhi: Faced with fodder shortage in the country, Agriculture Minister Radha Mohan Singh today said the government will bring out a national fodder policy to boost domestic production. There is a need to make law to stop burning of the crop residues in the field to increase fodder availability and protect environment, the minister said.



"Fodder sources in India are from crop residues, cultivated fodder, forages and forests, permanent pastures and grazing lands. Currently, India is facing a deficit of about 35.6 per cent of green fodder and about 10.9 per cent of dried fodder," Singh said while inaugurating the 23rd International Grassland Congress here. He said, despite shortage of fodder, India is the world's largest milk producer with 138 million tonnes of output. "It is imperative for the nation to produce food not only to feed its more than one billion home population bust also for an equal number of livestock," he added.

Speaking on the sidelines, Singh said: "We will come out with a national fodder policy to address the problem of fodder shortages". The minister also said that "law should be made to stop crop burning" as this would help in not only increase fodder supply but protect environment as well. Asked about crop conditions, Singh said the government has been able to minimise the damage on Kharif crops despite deficit monsoon. There is not much impact of deficit rains on the ongoing rabi sowing season, he said.

Singh emphasised on the need of a strong services sector in rural India and said this should include agri-business centers and agri-clinics on a big scale. - agency

# US eyes food exports to growing Asia under TPP trade pact

TOKYO, U.S. Agriculture Secretary Tom Vilsack defended a recently agreed-to 12-nation Pacific trade pact, saying the Trans-Pacific Partnership would provide a counterbalance to China's growing influence in the region while also opening up promising Asian markets with their burgeoning middle class.

Vilsack told The Associated Press in an interview that many Asian countries are concerned about the rise of Chinese power, "and whether or not it's disproportionate, and whether or not there needs to be a balance."

He said that the trade agreement "creates the kind of coalition of nations, if you will, that provides that balance."

Vilsack is en route to China, where he will take part in annual U.S.-China trade talks in Guangzhou from Saturday to Monday.The wide-ranging trade agreement, known as TPP, faces a tough ratification battle in the U.S. Congress. Other signatories range from Japan to Vietnam, but don't include China.

The pact would help American beef producers and others tap into a growing market of Asian consumers who are demanding high-end, safe food products, Vilsack said.

"There is an expanding market opportunity in Asia, and particularly the middle class consumers, which I think plays to the strengths of any country that can produce high value-added items," he said. "That wouldn't necessarily be exclusively the US. I think Japan has tremendous opportunity as well," he said.

# Three famrers feted with President Award

Parbat, Three farmers of Parbat district were honoured with the President District Level Farmer Award.

The recipients of the award presented by the District Agriculture Development Office and District Livestock Office are orange-producer farmer Naru Paija of Shalija VDC, pig-keeper farmer Prem Bahadur Gurung of Kushma municipality and coffee-producer farmer Bhawani Prasad Sharma of Karkineta VDC.

The award to each farmer carries a purse of Rs 10,000 along with a letter of appreciation and shawl.

The farmers were feted on the occasion of the 35th World Food Day. Some 49 farmers of the district had submitted their applications for the award. Likewise, winner students of secondary-level essay writing competition on the topic 'Agriculture and social security; commitment for poverty reduction' were awarded on the same occasion

# Farmers reluctant to receive grant

Jhapa, A huge amount of grant allocated for farmers allocated for organic fertilizer and promotion of fragrant paddy is being frozen in Jhapa district due to lack of interest on the part of farmers.

Despite the District Agricultural Development Office, Jhapa, allocated millions of amount for the production of organic fertilizer and promotion of Basmati paddy and maize farming, no farmer has lodged application in the office so far seeking grant. Technical Assistant in the office, Shalikram Bhattarai, said that no farmer has lodged application though the office issued public notices from local FM radios and newspapers.

The office has allocated more than Rs 11.7 million in grant for farmers in the current fiscal year for organic fertilizer and promotion of paddy and maize farming. The office has got a total of Rs 22.8 million amount meant for providing farmers in grants under different topics.The government has allocated grant money for mushroom, irrigation and commercial vegetable farming too. The office, however, said that farmers have visited the office to receive the grant amounts for mushroom, irrigation and commercial vegetable farming.

## चिया...

सो रकम त्यसरी अनुदान उपलब्ध गराउनका लागि नभै अन्य चिया तथा कफीको विकास प्रवर्द्धनका लागि छुट्याएको हो । तर, बोर्डबाट तीन करोड रुपैया अनुदानमा उपलब्ध गराउने जस्तो विषयमा मन्त्रालयको सरोकारवाला महाशाखाहरु नै बेखवर रहेका छन् । कानून मिच्दै बोर्डले नै कार्यविधि निर्माण गर्ने हो भने मन्त्रालयको किन आवश्यकता पर्‍यो र एक उच्च अधिकारीले बताए । कि मन्त्रीलाई गुमराहमा राखी झुक्याएर स्वीकृत गरियो । हैन भने बोर्डका कार्यकारी निर्देशक र मन्त्रीको मिलेमतोमा सो काम भएको भन्ने आरोप बोर्ड तथा मन्त्रालयका कर्मचारीहरुले लगाएका छन् । मोटो कमिशन हात पार्नका लागि अनुदानका रुपमा बाँड्ने गरी सो कार्यविधि आर्थिक ऐन नियमलाई समेत खिल्ली उडाउँदै बोर्डबाट स्वीकृत गरिनुलाई कफी क्षेत्रमा काम गरिरहेका विज्ञहरु नै आश्चर्य चकित मानिरहेका छन् ।

## कृषि...

उत्पादन सक्ने जनशक्ति भएको भएपनि कमिशन चक्करका कारण निजी कम्पनीहरुसंग सम्झौता गरेर वृत्तचित्र तथा श्रव्यदृश्य सन्देश निर्माण गर्ने गरिएको छ । चालु आवमा पनि वृत्तचित्र तथा जिंगल निर्माण भन्दै करीव १० लाख रुपैयां सूचना केन्द्रका उच्च अधिकारीहरुको मिलेमतोमा नजिकका ती कार्य गर्न दिन लागिएको छ । सो कार्यका लागि सूचि दर्ता गरिएका संस्थाहरुबाट प्रतिष्पर्धात्मक रुपमा गर्नु पर्ने भएको भएपनि कोटेशन माग्दै कमिशनको भरमा ती कार्यहरु गर्न लागिएको छ । कृषि अन्य जानकारी प्रवाह गर्नका लागि सुको बजेट नहुने सो कृषि सूचना तथा सञ्चार केन्द्रले आफ्नै श्रव्यदृश्य शाखा हुंदा हुंदै पनि बाहिरका निजी कम्पनीहरुलाई सो कार्य गर्न दिनुको अर्थ के होला ? सहजै अनुमान लगाउन सकिन्छ । सोही काम गर्नका लागि केन्द्रमा विज्ञहरु रहेकै अवस्थामा बरु त्यही कार्यरत कर्मचारीहरुलाई थप सेवा सुविधा दिएर काम सम्पनन गर्नु पर्नेमा कागजी काम गरेर बजेट झ्वाम्म पार्ने विगतको परिपाटी अझै अन्य हुन सकेको छैन । कृषि विकास मन्त्रालयले यसतर्फ ध्यान दिनु पर्दछ कि पर्दैन ।

# नवलपरासीका उखुका किसानले भुक्तानी पाएनन्

परासी । हरेक बर्ष उखुका किसानहरु उखु विक्री गर्ने बेलामा आन्दोलनमा उत्रिनु पर्ने बाध्यतामा पर्ने गरेका छन् । उद्योगहरुले उखुको लागत मूल्य भन्दा पनि कम रकम दिने र तोकिएको समयमा नदिने गर्नाले उनीहरु पटक पटक आन्दोलनमा उत्रनु परेको हो । अहिले फेरि त्यही अवस्था आउने संकेत देखिएको छ । नवलपरासीमा यस वर्षको उखुको क्रसिङ्ग सुरु भइ सक्दासमेत उखुका किसानले अघिल्लो वर्षको भुक्तानी रकमसमेत पाउन सकेका छैनन् ।

जिल्लामा रहेका चिनी उद्योगलाई गत वर्ष उखु दिए बापतको रकम हालसम्म पनि पूर्णरुपमा भुक्तानी पाउन नसकेको किसानले बताएका छन् । उखु क्रसिङ्गको नयाा सिजन सुरु भइसक्दापनि अझै अधिकांश किसानले आ□नो पुरानो भुक्तानी पाउन सकेका छैनन् । जिल्लास्थित चार वटा ठूलो उखु क्रसर मिलबाट करिब रु २० करोड भन्दा बढी भुक्तानी लिन बाकी रहेको उखु उत्पादक कृषक समिति नवलपरासीका अध्यक्ष उमेशचन्द्र यादवले जानकारी दिएका छन् । विगतका वर्षदेखि नै उधारोमा उखु खरिद गरी मिलहरुले भुक्तानी दिन आलटाल गर्दै आएपछि कृषकको भुक्तानी रोकिदै आएको छ । उखु मिलले उधारोमा उखु खरिद गर्ने र भुक्तानी गर्न आलटाल गरेपछि उखुको कुल उत्पादनको करिब ५० प्रतिशत र कम भुक्तान लिन अझै बाकी रहेको छ । उखुको



सिजन सुरु भइसक्दा पनि मिलहरुले र कम भुक्तानी नदिएपछि कृषकले भेली क्रसरलाई प्रतिक्विन्टल रु २५० मै उखु दिन बाध्य भएका छन् । जिल्लामा लुम्बिनी चिनी उद्योग, बागमती चिनी उद्योग, ईन्दिरा चिनी उद्योग र मोहिनी चिनी उद्योग गरी चार वटा ठूलो चिनी मिल छन भने ५० भन्दाबढी भेलीका साना क्रसर उद्योग छन् । जिल्लामा कुल साढे सात हजार हेक्टर क्षेत्रफलमा उखु खेती हादै आएको छ जसमा करि ब १४ हजार घरपरिवार आवद्ध रहेको समितिको तथ्याङ्क रहेको छ ।

## पशुपालक किसान विस्थापित हुने खतरा

चितवन , चितवनमा फस्टाउदै गईरहेको पशुपालन व्यवसाय धरापमा पर्ने संकेत देखिएको छ । केही समय पहिले गाईपालन गर्ने किसानको संख्या चितवनमा ह्वात्त बढेको थियो । यतिखेर नाकाबन्दीका कारण दानाका अभाव, मिल्क होलीडे, परालको अभावका कारण किसानहरुमा नैराश्यता पैदा भएको छ । विदेश जाने चाहन र भएको जागिर छाडेर चितवनमा ५० वटा गाई पालेर बसेका कृष्ण भण्डारी अहिले दैनिक ३ हजार भन्दा बढी घाटा खाएर गाईपालन गरिरहेकाछन् । उनी भन्छन् स्वदेशमा नै केही गर्ने इच्छा थियो तर , स्रोत साधनको अभाव, सरकारी नीतिका कारण आफूमा नैराश्यता पैदा भएको उनको धारणा छ । उनी जस्तै दर्जनौं पशुपालनमा संलग्न रहेका किसानहरु पलायत तर्फ उन्मूख भएका छन् ।

# किसानको अगुवाईमा आलु चिस्यान केन्द्र

बागलुङ । कृषिलाई व्यवसायिकरण गर्नु पर्दछ भन्ने नाराले धेरै किसानहरुलाई उत्साहित त गराएको छ । तर व्यवसायिक रुपमा कृषि गर्ने उत्साहका साथ सक्रिय रहेका किसानहरुलाई आवश्यक स्रोत साधन नहुंदा कृषि क्षेत्रमा लगानी गरिएको रकम डुब्ने सम्भावना पनि त्यत्तिकै रहेको छ । अहिले बाग्लुका किसानहरु आफूले उत्पादन गरेका कृषि उपजहरु नविग्रियोस् भन्ने सोच राखेर भण्डारण केन्द्र निर्माणमा जुटेका छन् । किसानहरुकै अगुवाईमा जिल्लाको तारा गाविसमा आलु भण्डारण केन्द्र निर्माण गरिएको छ । आलु उत्पादनको पकेट क्षेत्र मानिने ताराखोलामा बीउ प्रवर्द्धन र उपभोग्य आलुको सङ्कलन गर्न तारा-२ सानोहिलेमा भण्डारण केन्द्रको निर्माण गरिएको हो ।

ताराखोलाको सानोहिले तरकारी कृषक समूहको अगुवाइमा रु चार लाखको लागतमा भण्डारण केन्द्र निर्माण गरिएको अध्यक्ष कुलराज काडेलले बताए । कंडेलका अनुसार भवन निर्माणका लागि जिल्ला कृषि विकास कार्यालयको रु दुई लाख ७५ हजार अनुदान दिएको छ । यस्तै रु ५० हजार बराबरको श्रमदान र बााकी रु ७५ हजार ऋण खोजेर भवन बनाइएको हो ।

समुद्री सतहदेखि २२ सय मिटरको उचाइमा रहेको भण्डार गृहमा आलुको बीउ सङ्कलन गर्ने प्रमुख लक्ष्य लिइएको समूहले जनाएको छ । “स्थानीय जातको आलुको बीउको प्रवर्द्धनका लागि चिस्यान केन्द्रको निर्माण गरेका हौ”, अध्यक्ष काडेलले बताए ।“सबैको सक्रियतामा अहिले भवनमात्र बनाउन सकेका छौं, भित्री संरचनाको काम बांकी छ ।”

तत्काल आलु भण्डारणका लागि च्याक बनाउन जिल्ला कृषि विकास कार्यालले थप रु ५० हजार विनियोजन गरेको अध्यक्ष काडेलले जानकारी दिए । भण्डार गृहमा आलु राख्दा कुहिने, चिसो लाग्नेजस्ता समस्या हटेर जाने कृषि सेवा केन्द्र हरिचौरका प्रमुख राजुप्रसाद शर्माले जानकारी दिएका हुन् । गत वर्ष डढुवा रोगले आलु उत्पादन घटेका कारण त्यसको रोकथामका लागि सुरुमै बीउलाई उपचार गरेर आलु रोप्ने तयारी गरिएको शर्माको भनाइ छ । यस अगाडि ताराखोलाकै जनएकता बहुउद्देश्यीय सहकारीले तारा- ७ मपेसमा आलु भण्डारण केन्द्र निर्माण गरिसकेको छ । यस्ता भण्डार केन्द्र सरकारी तवरबाट निर्माण गर्नु जरुरी देखिन्छ ।

# मौरी र रेशम खेतीका लागि बजेट अभाव

काठमाडौं । कृषि विकास मन्त्रालयले योजना बनाउंदा जति सुकै राम्रा गफ गरेको भएपनि किसानहरु आकर्षित भईरहेका कृषि उपज उत्पादनका क्षेत्रमा भने बजेट कटौती गरेपछि जिल्ला जिल्लाका किसानहरु कृषि विकास कार्यालयहरुलाई दवाव दिन थालेका छन् । पछिल्लो समयमा युवा लक्षित कार्यक्रमा विशेष गरी मौरी पालन, रेशम खेती, च्याउ उत्पादनमा युवाहरुको आकर्षण बढ्दो रहेको छ । यी तीनै बस्तु र बाली उत्पादनमा जोड दिनु पर्ने बेलामा चालु आवमा कृषि विकास मन्त्रालयले बजेट काटिदिएपछि जिल्लाका काम गर्न अप्ठेरो परिरहेको विभिन्न जिल्लामा कार्यरत कृषिका कर्मचारी बताउंछन् । विशेष गरी व्यवसायिक कीट विकास निर्देशनालयले च्याउ खेती, मौरी पालन र रेशम खेतीको विकासका लागि बार्षिक कार्यक्रम गर्दै आईरहेको भएपनि गत बर्ष भन्दा यो बर्ष आधा बजेट घटेर आएपछि सो निर्देशनालयमा कार्यरत कर्मचारीहरुमा दवाव पर्न थालेको छ । गत बर्ष सो निर्देशनालय मार्फत ७५ जिल्ला र निर्देशनालयद्धारा थप ३ जिल्लालाई विशेष रुपमा च्याउ खेती, मौरी पालन र रेशम खेती प्रवर्द्धन गर्दै ३४ करोड रुपैयां बजेट विनियोजन भएको थियो । तर, चालु आर्थिक बर्षमा सो निर्देशनालयको विकास बजेटमा २४ करोड घटाएर ११ करोड मात्र निकासा भएपनि व्यवसायिक कीट विकास निर्देशनालयका कर्मचारीहरु हाजिर गरेर दिन कटाउने बाहेकको अरु काम गर्न नसक्ने अवस्थामा पुगेका छन् । कार्यालयका अनुसार ३४ करोड बजेट भएको कार्यालयको बजेट ११ करोडमा झरेपछि रेशम खेती तथा च्याउ खेतीको विकास कसरी गर्न सकिन्छ ? एक कर्मचारीले बताए । काम गर भन्ने बजेट नदिने कसरी हुन्छ विकास उनले बताए ।




## साप्ताहिक बजार मुल्य

Shreenagar
from Ideas to Impacts...

| विकास क्षेत्र | हिमाली क्षेत्रको सरदर मूल्य रु. | पहाडी क्षेत्रको सरदर मूल्य रु. | तराई क्षेत्रको सरदर मूल्य रु. | देशभरको सरदर मूल्य रु. |
|---|---|---|---|---|
| **मासु प्रति किलो** | | | | |
| खसी | ६३५ | ६२० | ६२५ | ६२५ |
| रांगो | ३२१ | २७७ | २६४ | २८८ |
| बंगुर | ३२५ | २७२ | २६५ | २८६ |
| ब्रोइलर | ३७५ | ३३५ | २८४ | ३३१ |
| स्थानीय | ११०० | ८०० | ६५० | ८२५ |
| **अण्डा प्रति गोटा** | | | | |
| कुखुरा | २० | १४ | १२ | १५ |
| **दुध प्रति लिटर** | | | | |
| गाई | ८८ | ५८ | ५५ | ६७ |
| भैंसी | ९० | ६४ | ६० | ७१ |
| **माछा** | | | | |
| ट्राउट | १३०० | ९०० | - | १००० |
| कार्प | - | २१० | २४० | २२५ |

स्रोत: पशुपंक्षी बजार प्रवर्द्धन निर्देशालय

जैविक प्रांङारिक मल क्वेन थोंङ् र न्यू लाईट प्रयोग गरौं
माटोको उर्वराशक्तिलाई वढाई उत्पादनमा बृद्धि गरौं”

थाईल्याण्डको प्रतिष्ठित एशिया एग्रो टेक कम्पनी लि. वाट उत्पादित, नेपाल कृषि अनुसन्धान परिषद्वाट परिक्षण प्राप्त नेपालको हावापानी माटो सुहांउदो, माटो र वोट विरुवालाई रोग किराले समेत असर गर्न नसक्ने

विषादीको प्रयोग गर्नै नपर्ने जैविक प्रांगारिक मल



नेपालको लागि अधिकृत विक्रेता




जोशी जनरल सप्लायर्स
Organic Certified by IFOAM, ACT.Operator Code No 22152 Asia Agro Tech Ltd., Thailand
२० पूर्णचण्डी मार्ग ,जावलाखेल ललितपुर
फोन नं.९८४१२०८५५८/ ९८४१८०७७५२

# युवा लक्षित पशुपालनको अनुदान रकम गलत नियतले गलत ठाउँमा गएको छैन

## डा. लोक नाथ पौडेल

### वरिष्ठ पशु विकास अधिकृत

### पशु उत्पादन निर्देशनालय



**यहाँहरुले युवालाई लक्षित गरी पशु उत्पादनमा जोड दिईरहनु भएको छ, कार्यक्रम कसरी अगाडि बढिरहेको छ ?**

पशुपालनलाई हालको निर्वाहमुखीको अवस्थाबाट व्यवसायिकतामा नलगेसम्म यस पेशाबाट आशा गरेजस्तो आम्दानी प्राप्त गर्न सकिदैन । यस क्षेत्रमा लागेका र लाग्न चाहेका कृषकहरुलाई उनीहरुले अपेक्षा गरेजस्तो आम्दानीको सुनिश्चितता दिन नसकेसम्म पशुपालन व्यवसायमा दीगो रुपमा लागि पर्ने व्यवसायीहरु पाउन कठिन हुन्छ । त्यसैमा पनि नेपालका युवाहरु जसमध्ये अधिकांश बेरोजगार वा अर्धबेरोजगार छन्, जसले वर्तमानमा विदेश पलायन भै आय आर्जन गर्न सकिन्छ भन्ने सोंच राखेका छन्, उनीहरुलाई पशुपालनको क्षेत्रमा ल्याउनु आजको एक आवश्यकता पनि हो भने यो एक ठूलो चुनौती पनि हो । यसै यथार्थतालाई जोड दिएर पशु उत्पादन निर्देशनालयले विगत ३ वर्षदेखि युवालक्षित व्यवासायिक गाईभैंसीपालन, बंगुर र बाख्रा प्रवर्द्धन कार्यक्रमहरुलाई विशेष प्राथमिकतामा राखी सञ्चालनमा ल्याएको छ । व्यवासायिकताका हिसाबले सम्भाव्य जिल्लाहरु छानी यस आ.व.मा पनि ४५ जिल्लाहरुमा व्यावसायिक गाईभैंसीपालन, २० जिल्लामा बंगुर प्रवर्द्धन र ६३ जिल्लामा बाख्रा प्रवर्द्धन कार्यक्रमहरु १८ देखि ५० वर्षभित्रका युवाहरुलाई लक्षित गरी सञ्चालनमा ल्याइएको छ ।

**युवाहरुलाई पशुपालनतर्फ आकर्षण गर्न त गाह्रो होला नि ?**

हो, आजका युवाहरुको सोंच, उद्देश्य र कार्यशैली पहिलेकोभन्दा फरक छ । अझ विदेश गएर सजिलै छोटो समयमा नै धेरै आम्दानी गर्न सकिन्छ भन्ने अपुष्ट सन्देश र सोंचका कारण कृषि तथा पशुपालनमा लाग्नुभन्दा विदेश जानु नै ठिक हो भनी विदेशिनका लागि लामबद्ध युवाहरुलाई यस क्षेत्रमा आकर्षित गर्नु निश्चय नै चुनौतीपूर्ण कार्य हो । तथापी विगत ३/४ वर्षदेखि विदेश गै विदेशमै पनि कृषि तथा पशुपालनका पेशामा लागेर केही सिप सिकी आम्दानी समेत हात पारेका तर विदेशमा पसिना बगाउनुको सट्टा आफ्नै देशको माटोमा पसिना बगाएमा स्वदेशमै पनि आम्दानी गर्न सकिने सोंचका साथ विदेशबाट नेपाल फर्केका युवाहरुलाई समेत आकर्षित गर्ने हिसाबले ल्याइएको "युवालक्षित व्यवसायिक गाईभैंसीपालन तथा बंगुर र बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७१" अनुसार कृषकहरुको छनौट गर्दा यस्ता युवाहरु पनि छनौटमा परी सफल व्यवसायी भएका उदाहरणहरुले गर्दा र पशु उत्पादन निर्देशनालय लगायत सम्वद्ध निकायहरुबाट समेत व्यावसायिक पशुपालन कार्यक्रमका बारेमा व्यापक रुपमा प्रचार प्रसार भएकाले हाल आएर नेपालका युवा कृषकहरु पनि कृषि तथा पशुपालन पेशालाई अपनाउन आकर्षित भएको अवस्था विभिन्न तथ्याङ्कहरुले स्पष्ट पारेको छ । तसर्थ युवाहरुको चाहना, वर्तमानको आवश्यकता र चुनौतीलाई ध्यानमा राखी कार्यक्रम सञ्चालन गर्ने हो भने युवाहरुलाई पशुपालनको पेशामा ल्याउन त्यति कठिनाई चाहिं छैन् ।

**युवा लक्षित कार्यक्रम मन्त्रीहरुको कार्यकर्ता पोस्ने क्रियाकलाप मात्र हो भन्ने आरोप लाग्दै आएको छ नि त ? यसमा तपाइको के भनाइ छ ?**

यो आरोप प्रथमत: युवालक्षित पशुपालनको कार्यक्रममा लागेको जस्तो मलाई लाग्दैन । यदि कसैले कहिंकतै यस्तो चर्चा गरेका छन् भने त्यो सरासर झुठो आरोप हो । मानवीय प्रकृति अनुसार नेपालको परिप्रेक्ष्यमा विभिन्न क्षेत्रबाट सिफारिश भै आउनु, कुनै अमुक फार्मलाई भन्दा अर्को फार्मलाई पारिदिन भनी बेलाबखतमा फोन बज्नुलाई हामीले त्यति चर्चा नै गर्नुपर्ने विषय ठान्दैनौं । तर ती सिफारिशहरु कति लागे/लागेनन्, छनौटमा परेका फार्महरु/युवाहरु कस्ता थिए भनेर अनुसन्धान र विश्लेषण गर्ने हो भने यी सबै आरोप र चर्चाहरु झुठा सावित हुन्छन् । विशेषगरी युवालक्षित पशुपालन कार्यक्रम सञ्चालन कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको र यो कार्यविधि आफैमा सरल र स्पष्ट भएकोले यसमा कुनै भनसुन, सिफारिश र गुनासाका गुञ्जायस नै रहँदैनन् । कम्तिमा १ महिनाको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्ने, प्रमुख एफ.एम. तथा अन्य सञ्चारका माध्यमबाट प्रचार प्रसार गरी तोकिएका जिल्लामा युवाहरुबाट सम्बन्धित जिल्लामै सिलबन्दी निवेदन संकलन गरिनु, निवेदनहरु विभिन्न सरकारी निकायका प्रतिनिधिका रोहवरमा खोली प्रथम चरणको छानविन गरिनु, जिल्लामा तोकिएको समिति विशेष गरी जिल्ला पशु विकास कार्यदलबाट फार्महरुको निरिक्षण गरिनु, मूल्याङ्कन समिति (जसमा केन्द्रस्तरको प्रतिनिधि समेत रहन्छ) ले स्पष्ट रुपमा बनाएका मापदण्डलाई आधार मानी मूल्याङ्कन गर्नु, छनौट भएका कृषकका जनावरहरुको अनिवार्य विमा गर्न लगाउनु, विमित पशुहरुको संख्यालाई आधार मानी अनुदानको रकमको एकिन गरी स्वीकृत रकम कृषकहरुले खोलेको स्थानीय बैंकमा ट्रान्सफर गरिनु, रकमको सदुपयोग भए नभएको समय समयमा विभिन्न निकायहरुबाट अनुगमन निरिक्षण गरी केन्द्रमा प्रतिवेदन दिइनु, प्रस्ताव गरेअनुसारको कार्य गरेको नपाइएमा कृषकले प्राप्त गरेको रकम सरकारी बाँकीसरह असूल गरिने जस्ता प्रावधान राखिएको सम्झौता पत्रमा सम्बन्धित कार्यालय र कृषकका बिचमा द्बिपक्षिय सम्झौता हुन, अनुदान प्राप्त गरेका कृषकहरुको नाम, ठेगाना तथा सम्पर्क मोवाइल नं.समेत सबैको जानकारीका लागि सार्वजनिक गरिनु जस्ता प्रावधानहरुले गर्दा यो अनुदान रकम गलत प्रवृतिले वा गलत नियतले गलत ठाउँमा जान्छ भन्न सकिने अवस्था नै रहदैन । त्यसै गरी स्वीकृत कार्यक्रम र वजेटको अख्तियारी पशु उत्पादन निर्देशनालयले सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरुलाई पठाउने भएकोले निर्देशनालयको जिम्मेवारी कार्यक्रममा समन्वय गर्ने, अनुगमन र निरिक्षण गरी जिल्लाहरुलाई पृष्ठपोषण गर्ने भएकोले यो कार्यक्रम एक उदाहरणीय कार्यक्रमको रुपमा रहेको छ ।

**तपाईहरु नेपाल दूध तथा मासुजन्य उत्पादनमा आत्मनिर्भरता हुनु पर्दछ भन्नु हुन्छ, के त्यो सम्भव छ ?**

नेपालको हालको पशुजन्य उत्पादनको अवस्था, माग र आपूर्तिको अवस्था, देशको भौगोलिक अवस्थिति, उत्पादनको सम्भावना, आदिलाई मध्यनजर गरी व्यावसायिक उत्पादनमा जोड दिने होभने र उत्पादित पशुजन्य उपजहरुको बजारको निश्चितता हुने हो भने निश्चय पनि हामी दूध र मासुमा पनि (कुखुराको मासु र अण्डामा जस्तै गरी) आत्मनिर्भर हुन सक्दछौं । हामी नेपाललाई चाहिनेजति दूध उत्पादन गर्न सक्छौं भन्ने कुरा त विगतका वर्षहरुमा सञ्चालित विशेष गरी गाई तथा भैंसीको जातीय सुधार कार्यक्रम (Dairy Cattle and Buffalo Genetic Improvement Program), पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम (A.I. Mission), पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम (Forage Mission), खोरेत रोग विरुद्धको भ्याक्सिन कार्यक्रम (FMD Vaccination), स्थानीय स्तरमा डेरीको सञ्चालन आदिका प्रभावबाट दूधको उत्पादन बढ्न गै दूधको विदा (Milk Holiday) को चर्चा चल्नु, हालैको भारतीय अघोषित नाकाबन्दीका कारणले भारतबाट खसीबोका आयात नभएतापनि नेपालमै उत्पादित खसीबोकाहरुले दशैं तिहारमा आपूर्ति सम्भव हुनुजस्ता विषयहरुले पनि हामी दूध, फुल र मासुमा आत्मनिर्भर हुन सक्छौं भनी ढुक्कसँग भन्न सक्ने अवस्था छ । यतिमात्र हो कि हामीले उत्पादनको परिमाण (Product Quantity) मा मात्र नभएर उत्पादनको गुणस्तर (Product Quality) मा पनि विशेष ध्यान दिनुपर्ने नै हुन्छ ।

**वास्तव मै पशु उत्पादनलाई व्यवसायिक र आत्मनिर्भर बनाउनका लागि राज्यका तर्फबाट गरिएका कार्यहरु के के छन् ?**

विगत ५/६ वर्षभित्रमै राज्यका तर्फबाट गरिएका प्रयासहरु विशेषगरी कृषि नीति, २०६१ लाई आधारमानी ल्याइएका पोल्ट्री नीति, खर्क नीति, दूध नीति, कृषि यान्त्रीकरण नीति लगायतका नीतिहरुका साथै व्यवसायिक पशुपालनका लागि पशु नश्ल सुधार कार्यक्रम, पशु आहारा विकास कार्यक्रम, पशु विमा कार्यक्रम, श्रोत केन्द्र स्थापना कार्यक्रम, युवालक्षित कार्यक्रम, पशु खोपका अभियान कार्यक्रम, पशु आनुवाांशिकी श्रोतको संरक्षण र सदुपयोग कार्यक्रम, व्यवसायिक बाख्रा प्रवर्द्धन अभियान कार्यक्रम, बंगुर प्रवर्द्धन अभियान कार्यक्रम, घरेलुस्तरका डेरी सञ्चालन कार्यक्रम, विभिन्न अर्न्तक्रियाका माध्यमबाट कृषकहरुलाई अभिमुखीकरण गरी पशुपालनका क्षेत्रमा व्यवसायिक रुपमा लाग्न प्रेरित गर्ने खालका कार्यक्रमहरु नै कृषि विकास मन्त्रालय, पशु सेवा विभागबाट पशुपालनलाई व्यवसायिक र आत्मनिर्भर बनाउन सञ्चालित कार्यक्रमहरु हुन ।

**अन्त्यमा, आम कृषकहरुलाई के भन्नु हुन्छ ?**

विशेष कृषक दिदीबहिनी तथा दाजुभाईहरुलाई व्यवसायिक रुपमा पशुपालनमा लाग्नुहुन अनुरोध गर्दछु । काम गर्दै जाँदा धेरै सकारात्मक कुराहरु भएतापनि केही नकारात्मक चर्चा चलेतापनि यी चर्चाहरु सही होइनन् भन्ने प्रमाण गत २ आर्थिक वर्षमा युवालक्षित कार्यक्रमबाट लाभान्वित करिब १५०० कृषक परिवारहरु नै यसका साक्षी हुनुहुन्छ । यस कार्यक्रममा कतैको भनसुन हुन्छ कि ? भनी त्यतातर्फ लाग्नुभन्दा आफैले पहिले आफैलाई एक सच्चा कृषकको रुपमा प्रस्तुत गर्नुहुन पनि अनुरोध गर्दछु । कार्यक्रमबाट अनुदान प्राप्त गरिसकेका कृषकहरुले अनुदान रकमको पूर्ण सदुपयोग (कम्तिमा तोकिएको अवधिसम्मलाई)गर्ने, व्यवसायमा प्राप्त भएको अनुदान के का लागि, कति, कहिले र कोबाट (कार्यालयको नाम) प्राप्त भएको हो सो स्पष्ट देखिने गरी फ्लेक्स वा बोर्ड बनाई आफ्नो फार्ममा राखिदिनुहुनका साथै अनुगमन र निरिक्षणमा आउनुहुने सम्वद्ध पदाधिकारीहरुलाई यथार्थ विवरण उपलब्ध गराइदिनुहुन समेत अनुरोध छ ।

– वैकुण्ठ भण्डारी

भूकम्पले घर छैन !
धान सुरक्षित गर्न ठाउँ छैन

तर पनि मलाई केही डर छैन ! किनकी
अमेरिकी प्रविधिबाट नेपालमै उत्पादित तीन लेयरको PICS मैसँग छ
सम्पूर्ण किसानहरुका लागि सुरक्षित र हावा नछिर्ने अन्तर्राष्ट्रिय स्तरको ब्याग








NAF Seeds Pvt.Ltd
Natole, lalitpur
Phone : 5538748 Fax :5534428
Website: www.nafseed.com

कृषि पत्रकार समाजका लागि हब ब्रोडकास्टिङ् प्रा.लि.द्वारा प्रकाशित, कार्यालयः बागबजार, फोन नं: ९८५१०५९४५५,पो.व.नं.:४३१२, ई-मेलः sajnepal@gmail.com, मुद्रणः श्वेतकाली छापाखाना काठमाडौं, सम्पादकः वैकुण्ठ भण्डारी